पहिलो परिच्छेद

# अध्ययनपरिचय

## १.१विषयपरिचय

लोककथा लोकसाहित्यको महफ्वपूर्ण विस्तारित विधा हो । कुनै प्रत्यक्ष, रचयिता एवम् संवादले तयार पारेको विधा नभई हरेक जनमानसको सामाजिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक र आर्थिक मोडअनुसार प्रेममय आँसु र हाँसोको साथमा अर्न्तमनबाट प्रस्फुटन हुने नितान्त नौलो वा मौलिक प्रस्तुत लोककथा हो । मध्यमाञ्चल क्षेत्रको पहाडी प्रदेशमा अवस्थित जिल्ला भक्तपुर पौराणिक, सामाजिक, आर्थिक र राजनीतिक रूपले महफ्वपूर्ण जिल्ला मानिन्छ । सबै गा.वि.स.लाई नगरपालिकामा रूपान्तरण गरिएको छ । भक्तपुर जिल्ला साँस्कृतिक, सामाजिक, प्राकृतिक र भाषिक विविधताले भरिपूर्ण छ । यस जिल्लामा नेवार, तामाङ, क्षेत्री, दमाई, कामी, सार्की, गुरुङ्ग आदि बसोबास गर्दै आएका छन् । यस जिल्लामा जातीय विविधताका माफ पनि दशैं, तिहार, तीज जस्ता महफ्वपूर्ण चाडपर्वहरू मनाइँदै आइरहेका छन् । यस जिल्लामा बुढापाकाहरूले आफ्नो सन्तानहरूलाई मनोरञ्जनका साथै उपदेश दिनका लागि लोककथा भन्ने गरेको पाइन्छ । यस जिल्लामा पनि प्रायः साँझको बेलामा लोककथाहरू सुन्ने र सुनाउने चलन रहेको छ ।

समयको परिर्वतनसँगै सञ्चारमा आएको विकासले गर्दा मानिसहरू फिल्मी प्रभावमा बढी आकर्षित हुँदै आएका छन् । यसले गर्दा स्थानीय मूल्य, मान्यता र परम्परालाई दर्शाउने लोककथाहरू प्रायः भन्न छोडिसकेका छन् । भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रको अवस्था पनि यही छ । मानव सभ्यताको परिचयको रूपमा रहेका यस्ता लोककथाहरूको अध्ययन अनुसन्धान र संरक्षण नै मुख्य विषय रहेको छ ।

## १.२ समस्याकथन

भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्र लोककथाको धनी भए तापनि यहाँका लोककथाहरू सङ्कलन र अध्ययन कम मात्रामा भएको पाइन्छ । त्यसैले यहाँको प्रचलित लोककथाहरूको अध्ययन नामक अध्ययनपत्र निम्नलिखित बुँदागत समस्यामा केन्द्रित रहेको छ :

(क) भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा केकस्ता लोककथाहरू प्रचलनमा रहेका छन् ?

(ख)भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथा वर्गीकरण र विश्लेषण केकसरी गरिन्छ ?

## १.३ अध्ययनपत्रको उद्देश्य

(क) भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गर्नु,

(ख)भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथा वर्गीकरण र विश्लेषणगर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

भक्तपुर वागेश्वरी क्षेत्रलाई प्राचीन इतिहासले जसरी चिनाएको छ, यदि त्यहाँ प्रचलित लोककथाहरूको उचित रूपमा उत्खनन्, सम्बर्द्धन, प्रचारप्रसार र संरक्षण गर्न सकेको भए त्यसले भक्तपुर वागेश्वरी क्षेत्रलाई लोककथाको खानीको रूपमा पनि चिनिन्थ्यो होला । यस अर्थले बुझ्दा वागेश्वरी क्षेत्र लोकसाहित्य र संस्कृतिको सङ्गम थलो हो भन्न सकिन्छ ।लोकसाहित्य संस्कृतिले भरिपूर्ण र उनीहरूभित्र रहेको साहित्यिक रहस्यको बारेमा सायद कसैले पहिचान गर्न सकेनन् तसर्थ वागेश्वरीमा प्रचलित लोककथाको सङकलन र सम्बर्द्धन विधिवत् रूपमा विधागत हिसाबले भएको कमै तथा एकदम सुस्त, सूक्ष्म र न्यून छ । जबसम्म साहित्यले लिपिबद्ध रूपमा आकार लिँदैन तबसम्म त्यसले जीवन्त प्राप्त गरेको हुँदैन । यदि भक्तपुर वागेश्वरी क्षेत्रमा रहेका लोक कथालाई यथोचित रूपमा सङ्कलन र सम्बर्द्धन गरिएन भने जनजिब्रोमा स्वासफेरेको यसले धुलोले छोपिएर आफ्नो अस्तित्व मेटाएर जान सक्छ । वागेश्वरी क्षेत्रमा प्रचलित लोककथाको खासै अध्ययन, सङ्कलन, विश्लेषण भएको छैन उपयुक्त नेपाली लोककथाहरूका बारेमा गरिएको पूर्वकायलाई पूर्वधार मानी भक्तपुर जिल्लाका वागेश्वरी क्षेत्रका लोककथा सङ्कलन गरिएको छ ।उपयुक्त नेपाली लोककथाहरूका बारेमा गरिएको पूर्वकायलाई पूर्वधार मानी भक्तपुर जिल्लाका वागेश्वरी क्षेत्रका लोककथा सङ्कलन गरिएको छ ।

## १.५ अध्ययनकार्यको औचित्य

लोकसाहित्यको आफ्नै मौलिक परम्परा भएको हुनाले सबै वर्गका विद्यार्थीहरूले लोकसाहित्यमा चासो देखाउने गरेको पाइन्छ । त्रि.वि.को नेपाली विषयको स्नातकोत्तर तह दोस्रोवर्षको दसौँ पत्र लोकसाहित्यको अध्ययन पनि एउटा छुट्टै रूपमा आएको छ । लोकसाहित्य आफैँमा मनोरञ्जन र रोचक हुने भएकोले यसको महफ्व झन बढ्न गएको देखिन्छ । यस विषयमा

अध्ययन गर्ने शोधार्थी तथा विद्यार्थी वर्गका लागि अध्ययनपत्रको औचित्य स्पष्ट देखिन्छ । भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रकोलोककथाका बारेमा कम मात्रामा अध्ययन भएको पाइन्छ ।त्यसैले प्रस्तुत अध्ययनपत्र भक्तपुर जिल्लामा क्षेत्रीय लोककथाहरूको गहन अध्ययन गरिएकाले यसको औचित्य र महफ्व व्यापक रहेको छ।

## १.६ सामाग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनपत्रका लागि सामाग्री सङ्कलन गर्दा क्षेत्रीय अनुशन्धानविधि र पुस्तकालयविधिको उपयोग गरिएको छ । सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा गाउँघरमा प्रत्यक्ष रूपमा आवश्यकताअनुसार सहभागी भई कथा भन्नेहरूको कथाहरूलाई प्रत्यक्ष सुनिदिई कथाहरूका अध्ययन र सङ्कलन गर्ने काम क्षेत्रीय अनुसन्धानविधि अर्न्तगत गरिएको छ । सङ्कलित कथाहरूका अध्ययनका लागि सम्बन्धित लोककथाहरू विशेषज्ञ विद्वानका सैद्धान्तिक अध्ययनलाई आधार मानी विभिन्न पत्रपत्रिका र पुस्तकका माध्यमबाट पुस्तकालय विधिबाट सामाग्री सङ्कलन गरिएको छ ।

## १.७अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनपत्र भक्तपुर जिल्लाको वागेश्वरी भेगको लोक अभिव्यक्तिलाई संरक्षरण गर्न र चिनाउन विशेष भूमिका निर्वाह गरेका प्रचलित नेपाली लोककथाहरू सोही वागेश्वरीको बाँसबारी, कुशलटार, मेल, ठुलीगाउँ पगरीटोल साथै छिमेकी पूर्व  र पश्चिम क्षेत्र एवम जिल्लामा कथा भन्ने भएतापनि सो क्षेत्रमा भन्दा कम मात्रामा गई विशेष गरी वागेश्वरी गाउँलाई केन्द्रित गरेर सङ्कलन गरी उक्त कथाहरूको अध्ययनकार्यको सीमाङ्कन रहेको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र अध्ययनविधि

प्रस्तुत अध्ययनपत्र तयार पार्दा सङ्कलित सामाग्रीलाई वर्णात्मक अध्ययनविधि प्रयोग गरिएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्र निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद -अध्ययनपत्र परिचय

दोस्रो परिच्छेद- भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद-भक्तपुर जिल्लाको वागेश्वरीमा प्रचलित लोककथाहरूको सङ्कलन

चौथो परिच्छेद - भक्तपुर जिल्लाको वागेश्वरीका लोककथाहरूको वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद - सारांश तथा निष्कर्ष

**सन्दर्भग्रन्थसूची**

## दोस्रो परिच्छेद

# भक्तपुर जिल्ला र वागेश्वरी क्षेत्रको सङ्क्षिप्त परिचय

## २.१भक्तपुर जिल्लाको परिचय

८५.२१“ देखि ८५.३२“ पूर्वी देशान्तरसम्म र २७.३६“ देखि २७.४४“ उत्तरी अक्षांशसम्म फैलिएको भक्तपुर (ख्वःप) नेपालको प्रदेश नम्बर ३ मा पर्दछ । क्षेत्रफलको हिसाबले भक्तपुर नेपालको सबैभन्दा सानो जिल्ला हो । भक्तपुरमा सूर्यविनायक, मध्यपुर ठिमी, भक्तपुर र चाँगुनारायण गरी जम्मा चारवटा नगरपालिका रहेका छन् । क्षेत्रफलको हिसाबमा सबैभन्दा ठूलो नगरपालिका चाँगुनारायण हो । भक्तपुर जिल्ला जुजु धौ र भातगाउँले टोपीका लागि प्रख्यात छ । भक्तपुर जिल्लाको कूल क्षेत्रफल भने ११९ वर्ग कि.मि. रहेको छ । वि.सं.२०६८ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या १,५१,८४० रहेको छ । भक्तपुर जिल्लाको सबैभन्दा अग्लो स्थान २,१६६ मिटर र सबैभन्दा होचो स्थान १,३७२ मिटरमा पर्दछन् । यस जिल्लामा नेवार, बाहुन, क्षेत्री, तामाङको प्रमुख बसोबास पाइन्छ भने नेपाली र नेवारी भाषा यहाँको प्रमुख भाषा हो । यहाँका स्थानीयवासीहरू खेतीमा निर्भर छन् ।

(https: //en.m.wikipedia.org>wiki>Bhaktapur)

## २.१.२ ऐतिहासिक पृष्ठभूमि

भक्तपुर दरबार क्षेत्र भक्तपुर दरवारस्क्वायर ऐतिहासिक दृष्टिकोणबाट मात्र होइन साँस्कृतिक प्राचिन शिल्पकला एवम् हस्तकलाको लागि समेत महफ्वपूर्ण स्थल रहेको छ । प्राचिन कालमा मल्ल राजाहरू वसोबास गर्ने गरेको यो क्षेत्रमा ५५ झ्याले दरवार, भुपतिन्द्र मल्लको सालिक, भगवती मन्दिर, ठूलो घण्टा, तुलजा भवानी तलेजु मन्दिर, सुनको ढोका आदि प्राचिन तथा ऐतिहासिक दृष्टिकोणबाट अत्यन्त महफ्वपूर्ण कला कृतिहरूको विशाल एवम् अनौठो भण्डार विद्यमान रहेको पाइन्छ । युनेस्कोको विश्व सम्पदा सूचीमा परेको भक्तपुर दरवार स्क्वायर वास्तबमा खुल्ला सङ्ग्रालयको रूपमा रहेको छ ।भक्तपुर नगरबाट २० कि. मि. पूर्व नगरकोट गा.वि.स. मा रहेको नगरकोट गा.वि.स. मा रहेको नगरकोट प्राकृतिक दृष्यावलोकनका लागि उपयुक्त केन्द्र भएकाले रमणीय पर्यटकीय क्षेत्रको रूपमा विकसित भएको पाइन्छ । नगरकोटबाट असङ्ख्य मनमोहक हिमालयका चुचुराहरूका साथै विश्वको सर्वोच्च शिखर सगरमाथा पनि देखिन्छ । यहाँबाट देखिने अन्य हिमालका चुचुराहरूमा मनास्लु, गणेश हिमाल, लामटाङ्ग हिमाल, गौरी शङ्खर, चोयु,

ल्होत्से, मकालु आदि छन् । नगरकोट क्षेत्र हिमालको काखबाट निस्कने सूर्योदयको दृष्यावलोकन र रिसोर्ट व्यवसायका लागि पनि प्रसिद्ध छ ।

चाँगुनारायण मन्दिर नेपालको प्रसिद्ध तीर्थ स्थलमध्येको एक र प्राचिन पुरातात्विक शिला स्तम्भ समेत रहेको छ । यस मन्दिर भक्तपुर जिल्लाको चाँगुनारायण गा.वि.स.मा पर्दछ । भक्तपुर नगरबाट ६ कि.मि. उत्तरमा रहेको चाँगुनारायण मन्दिर ऐतिहासिक र कलात्मक धार्मिक दृष्टिकोणले मात्र नभई प्रमुख पर्यटकीय क्षेत्रको रूपमा पनि महफ्वपूर्ण रहेको पाइन्छ । काठमाडौँ उपत्यकामा रहेका सातवटा विश्व सम्पदा सूचीमध्ये चाँगुनारायण पनि एक हो । चाँगुनारायण मन्दिर उपत्यकामा रहेका प्राचिन मन्दिरमा सबभन्दा पुरानो मानिन्छ । यो मन्दिर राजा हरिदत्त बर्माले ३२३ ए.डि.मा बनाएको भन्ने भनाइ पाइन्छ । तेलकोट भञ्ज्याङ, तेलकोट डाँडा, चाँगु आउने रुट उपत्यकाकै सबभन्दा राम्रो ट्रेकिङ्ग रुट मानिन्छ । साथै यो नगरकोट ट्रेकिङ्ग गर्न तथा काठमाडौँ उपत्यकाको दृष्यावलोकनका लागि पनि प्रसिद्ध छ ।

सूर्यविनायक मन्दिर भक्तपुर नगरबाट दक्षिण सिपाडोल गा.वि.स. मा पर्ने सूर्याविनायक क्षेत्र धार्मिक एवम् ऐतिहासिक दृष्टिकोणबाट अति महफ्वपूर्ण छ । यहाँको प्रसिद्ध सूर्यविनायक ( गणेश) मन्दिर लिच्छवि कालमा शिखरशैलीमा निर्माण भएको पाइन्छ । सूर्यविनायकको पूजाबाट भाग्य निर्माण हुने र सद्बुद्धि आउने आम धारणा रहेको छ । हरियाली रमणीय डाँडा रहेको कारणले यो क्षेत्र पर्यटकीय एवम् पिकनिक स्थलको रूपमा पनि प्रख्यात छ ।

ठिमी काठमाडौँबाट १० कि.मि.पूर्व र भक्तपुरबाट ३ कि.मि. पश्चिममा अवस्थित ठिमी प्राचिन शहर हो । प्राचिन साँस्कृतिक सम्पदा र परम्परागत कला कौशलको धनी नगर ठिमी किराँत कालमा निर्माण गरिएको हो । ठिमी आफ्नै विशिष्टिकृत परम्परा, जात्रा, पर्व, लोक नृत्य र सङ्गीतको लागि प्रसिद्ध छ । त्यसै गरी सेरामिक्स, टेराकोटा र हस्तकला एवम् उपत्यकाकै तरकारी उत्पादनको केन्द्रको रूपमा पनि ठिमी प्रसिद्ध रहेको छ ।

(https: //en.m.wikipedia.org>wiki>Bhaktapur)

### २.१.३ भक्तपुर जिल्लाको नामकरण

नेवार जातिले बसोबास गरेको ठाउँ भएकाले नेवारहरू ख्वप, पर्वतेहरूले भातगाउँ र कयौं अभिलेखहरूमा विभिन्न नामले उल्लेख गरी भक्तपुर शहरलाई चिनिने गर्थ्यो । भन्ने कुरा कथामा प्रस्तुत गरिएको छ । भैरवस्थानको अभिलेखमा, देउपाटनको अभिलेखमा, गोलमढीको अभिलेखमा, भक्तपुर कुमाल टोलको अभिलेखमा क्रमशः खपु शिवग्वल, खोपृङ ग्राम, माखोमृ, खृपुङ, मार्खाढुलु आदि नामले प्रख्यात रहेको कुरा प्रस्तुत छ। यस कथामा भक्तपुर कसरी भादगाउँ रहन पुग्यो भन्ने विषयमा व्याख्या गरिएको छ । एक जोगी कान्तिपुर हुँदै भाग्दै जाने क्रममा भक्तपुर प्रवेश गरी भिक्षा माग्दा एउटी स्वास्नी मानिसलाई जोगीलाई चामल दिन खोज्दा चामलको भाँडोमा चामल सकिएकोले आफूले पकाएको भाँडाबाट भात दिन खोज्दा जोगीले झोलाबाट पात झिकी पातभरि भात राखिदिँदा भातगाउँ भातगाउँ भनी हिँडी त्यहाँबाट गएको कुराबाट भातगाउँ रहन पुगेको चित्रण गरिएको छ । राणाकालीन समयमा भादगाउँ भनी उच्चारण गर्नेलाई रु ५ जरिवाना गराई भक्तपुर उच्चारण गराइएको थियो । जससम्बन्धी एउटा कथन छ :

राजा आनन्ददेवको पालामा भक्तपुर ध्वस्त भएको रहेछ । त्यस समयमा नेपालभाषामा ध्वस्त हुनुलाईखोपिङभन्ने चलन रहेछ ।भूकम्पपछि पनि त्यही शब्द गरी भक्तपुरलाई खोपिङ शब्दले पुकार्ने परम्परा कायमै रह्यो । त्यसपछि उक्त शब्द बोल्दा बोल्दै खोप हुन पुन पुगेछ ।भक्तपुर शहरलाई खोप भन्ने चलन अहिलेसम्म छँदैछ । त्यसैले एकथरी भन्छन् साठी वटा (खेः योगा) राज्य भएको हुनाले खुयोगा र त्यसबाट अपभ्रशं भई ख्वप नाम रहेको हो भन्ने तर्क दिन्छन् ।राणाकालीन अवस्थामा भक्तपुरका जनताहरू साह्रै सोझा र ज्यादै धार्मिक प्रवृतिका थिए । यहाँका विभिन्न बाजाहरूले विभिन्न पर्वहरूको आगमन जनाउँदछ भने महिलाहरूले हातमा लिएर आएका पूजाका थालीहरूले गणेश, काली, महाकाली, नवदुर्गा र भैरवको पूजा गर्न लागेका भन्ने थाहा हुन्छ भने पुरुषले निधारमा लगाएका टीकाले पशुपतिबाट फर्केर आएको भन्ने बुझाउँछ । त्यहाँका अधिकाशं जनताहरू ईश्वरको भजन कीर्तनमा बिताउँदछन् त्यसैले भातगाउँका जनताहरू देशलाई माया गर्ने भएकाले जुद्ध शम्शेरका पालामा उनका छोरा ध्रुव शम्शेर त्यहाँका बडाहाकिम भएर बस्दा उनले भातगाउँ भनी सम्बोधन गर्नेहरूलाई रु ५ जरिवानागर्ने गरी **भक्तपुर** भन्ने नाम चलाएका हुन् भन्ने बुढापाकाहरू आज पनि स्मरण गर्दछन् । यसबाट के स्पष्ठ हुन आउँछ भने भातगाउँ र खोपिङ भन्ने शब्दले परिचित भएको भक्तपुरले आफ्नो किसिमको चिनारी पाएको छ ।

## २.३ वागेश्वरी क्षेत्रको सङ्क्षिप्त परिचय

भक्तपुर जिल्लामा रहेका चार नगरपालिकामध्ये चाँगुनारायण नगरपालिकाको वागेश्वरी क्षेत्र वागेश्वरी वडामा पर्छ । नगरपालिका बन्नुभन्दा पहिला वागेश्वरी गा.वि.सको नामले जम्मा नौ वटा वडा रहेको थियो हाल आएर ती नौ वडालाई नै सिङ्गो वडा वागेश्वरी वडा राखी नगरपालिका बनाइएको छ । वागेश्वरी वडामा कुसलटार, फैंजूटोल, धाँजूटोल, बाँसवारी, जितपुर, फुयाल गाउँ, नेपाल गाउँ, काफ्ले टोल, मेल, ठुली गाउँ, पगरीटोल, माख्लो टोल, तल्लो टोल, तल्लो खरिपाटी, पारिबाल, सुडाल, बाहुन टोल, गुरुङ गाउँ, थाकलमोठ आदि गाउँ टोल पर्दछन् । यहाँ विशेषगरी बाहुन, क्षेत्री, नेवार, दमाई, कामी, तामाङ, आदि जातजातिको आआफ्नो साँस्कृतिक चाडवाड रहेका छन् । विशेष बाहुन क्षेत्रीको बाहुल्यता रहेको यस क्षेत्रमा मुहान पोखरीको पानीको छहरा, नगरकोट, छालिङ्गको हरियाली जङ्गलले डाँडा काँडा ढाकिएकोले प्राकृतिक सुन्दरताले भरिपूर्ण रहेको मनोरम ठाउँ हो ।कृष्ण मन्दिर, सरस्वती मन्दिर, न्याटु महादेव, महादेवथान, मणिकर्निका घाट,आदि धार्मिक स्थल पनि रहेका छन् । यसरी वागेश्वरी क्षेत्र धार्मिक तथा प्राकृतिक सम्पदाले धनी भई वर्तमान अवस्थामा पनि रमणीय ठाउँका रूपमा रहेको छ ।यस ठाउँको सामाजिक अवस्था हेर्दा छोरा छोरीमा भेदभाव नराखी उचित शिक्षामा महिला नै माथि रहेको कुरा अध्ययनबाट थाहा पाइएको छ । हरेक घरमा कोही न कोही उच्च शिक्षा हासिल गर्न बाहिरी मुलुकमा गएको पाइयो । सांस्कृतिक अवस्था हेर्ने हो भने हिन्दु धर्मालम्वीको बाहुल्यता भएकोले दशैं, तिहार, तीज, माघे संक्रान्ति, फागु पूर्णिमा, चैते दशैं, नयाँ वर्ष, साउने संक्रान्ति आदि धुमधामले मनाइन्छ । विवाहमा रत्तौली, भजन कीर्तन, तीजको नाचगान आदि साँस्कृतिक पर्व मनाइन्छन् । राजनैतिक अवस्था हेर्दा धेरै पहिलेदेखि एमाले, कांग्रेस, रा.प्र.पा पार्टीको बाहुल्यता बढी रहेको पाइयो । आर्थिक अवस्थालाई हेर्दा प्रायः खेती किसानीमा नगदे वाली लगाउने व्यापारभन्दा पनि जागिर खाने रहेको पाइयो । भौगोलिक अवस्था हेर्ने हो भने नगरकोट, छालिंग, थाकलमोठ, तेलकोट जस्ता अग्ला हरियाली डाँडाले घेरिएको समथर रमणीय भू-भाग नै चाँगुनायण नगरपालिका रहेको छ । सुरक्षा अवस्थालाई हेर्ने हो भने माख्लो खरिपाटीमा पुलिस चौकी रहेको र बाँसवारीमा प्रायः प्रहरी चेकिङ भई रहने र तल्लो खरिपाटीमा भने दायाँ बायाँ सैनिक ब्यारेक रहेको छ । यसरी हेर्दा यहाँ सुरक्षा अवस्था पनि राम्रो रहेको छ ।

## तेस्रो परिच्छेद

# भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथा

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । यहाँ मानिस, पशुपंक्षीका कथाहरू, सामाजिक कथाहरू र पौराणिक कथाहरू रहेका छन् ।

## ३.२ किसान परिवारको कथा

एकादेशमा एउटा गाउँ थियो । त्यस गाउँमा एक जना किसानको परिवार बस्थे । किसानको दुई वटी श्रीमती थिए । जेठी र कान्छी दुवैका एउटा एउटा छोरो थिए । जेठीश्रीमती सोझी र अलि रोगी पनि थिइन् । कान्छी चाहिँ अलि छुच्ची थिइन् । उनी जे नगर भन्यो त्यही गर्ने अरुले भनेको नमान्ने जिद्धी र मूर्ख स्वभावकी थिइन् । जेठी दुवै छोराहरूलाई उत्तिकै माया गर्थिन् । तर कान्छी भने सौताको छोरालाई देखिसहन्नथी । किसानलाई नि यो कुरा थाहा थियो जति भने पनि उनी मान्दैनथी । आफ्नो बानी सुधार नगर्ने, कसरी सौताको छोराको नराम्रो होला भनी सधैं हेला गर्थिन । किसानले पनि आफ्नी जेठी श्रीमती बिरामी भईराखेकीले एक्लै व्यवहार मिलाउन गाह्रो भएकाले पनि अर्को विवाह गरेका थिए । दुवै श्रीमतीलाई मिलाएर राख्न निकै अप्ठ्यारो भएको थियो । कान्छीले भने जेठीको अगाडि ठिक्क पार्ने तर सौताको छोरो मुटुको किलो भन्ने सोच्थी त्यसैले घरमा त्यति शान्ती भने थिएन । जेठीलाई भने आफ्नो मृत्युपछि छोराले दुःख पाउँला, सौतेनी आमाले राम्रोसँग खान पनि दिन्न होली, पढ्न पनि पाउँदैन होला भनी चिन्ता मात्र गर्थिन् । आफ्नी सौताले जे भने पनि उल्टो काम गर्ने कुरा उनलाई राम्रोसँग थाहा थियो । त्यसैले अब उनी धेरै बाँच्दिनन् भन्ने कुरा बुझेर केही जुक्ति लगाउने बिचारमा एक दिन कान्छीलाई बोलाएर भनिन् हेर कान्छी अब म मरिहाल्छु ,तैले यो घरको राम्रो स्याहार गर्नु उहाँको पनि ख्याल राख्नु, फेरि मेरो छोरालाई नि आमाको कमी हुन नदिनु, उसलाई सधैं ताजा खाना खान दिनु बासी भातमा घिउ राखेर भुटेर कहिल्यै नदिनु, बिहान बेलुका खालि खेतको काममा लगाउनु, पढ्न लेख्न नलगाउनु, सभा भेला गरेका ठाउँमा पनि नपठाऊ फेरि धेरै कुरा मात्र जान्दछ खालि काम मात्र गराऊ पछि काम सिकेर पैसा कमाउन सजिलो हुन्छ भनिन् । अगाडि त उनीले पनि भईहाल्छ नि भनिन् । यसकै केही दिनमा जेठीको मृत्यु भयो ।

अब सौताको मृत्यु भयो भनेर बाहिर दुःख व्यक्त गरे पनि भित्र भने उनी घरको सबै अधिकार आफनो हातमा पऱ्यो भनी खुसी थिइन् जेठो छोरालाई पनि केही दिन त माया नै गर्थिन्। पछि त सौताले भनेका कुरा सम्झि उल्टो उल्टो गर्थिन् । त्यसैले सौताले बारीमा काम गर्न सिकाउनु पढ्न नपठाउनु भनेकीले कान्छी त्यस छोरालाई खेतबारी पठाउँदै नपठाउने खालि पढ भनी विद्यालय पठाइन् ऊ पनि बुद्धिमानी, चलाख थियो पढाइमा निकै प्रगति गर्दै गयो । गाउँमा केही कुराको छलफल भेला जात्रा भए नि ठुलोलाई मात्र पठाउनाले निकै चर्चित र राम्रो बन्दै गयो । उता डाडे कान्छी भने जेठीले ठुलो छोरालाई गराउनु भनेका काम जति सबै आफ्नो छोरालाई गराउँथी । सधैँ ताजा भात खाने खेतीको काम गर्ने दूध, दहि पनि कान्छालाई मात्र दिने गर्थिन् । जेठो भने रुखो खाने भुटेको मात्र खाने दूध दहि पनि नखाने पढाइको चिन्ताले झन झन दुब्लाउँदै गयो । यो देखेर बुबाले ठुलोलाई पनि अलि खानामा जोड दिनुपऱ्यो । उसकी आमा नि तैँ होस् भने तर उनी झर्केर भन्थी की कान्छाको जस्तो गाह्रो काम हो र ! जेठो त खालि किताब लिन्छ पढ्छ, डुल्छ मात्र के गर्छ र ? खेतमा काम गर्न कति गाह्रो छ थाहा छैन भन्थी । तर बुढा भने शारीरिक कामले जति गाह्रो भएपनि शरीरलाई कसरत मिल्छ, खाना राम्रो खान रुच्छ, निन्द्रा मज्जाले आउँछ । हेर ! पढ्न त दिमाग खियाउनु पर्छ धेरै सोच्नाले शरीरमा आराम मिल्दैन, खान मन लाग्दैन, निन्द्रा पनि लाग्दैन, निदाएपनि आराम मिल्दैन त्यसैले खेतबारीमा काम गर्नुभन्दा नि पढ्ने, लेख्ने मानिसलाई अझ बढी खानेकुरामा ख्याल राख्नुपर्छ भन्थे । बुढी यो कुरा मान्न तयार थिइन् । त्यसैले बुढाले यो कुरा देखाउन एउटा परीक्षण गर्ने विचार गरे र राति छोराहरू सुतेपछि जेठो छोरो र कान्छोको छातिमाथि एक एक मुठी बिउको मकै राखे र भोलि बिहान उनीहरू नउठ्दा नै त्यो मकै के भयो होला भनी बुढीलाई हेर्न पठाए । जेठोको छातिमा राखेको मकै कुनै फुल उठेको , कुनै ठेट्ना भएको देखिन् र कान्छो छोरोको छातिमा राखेको मकै भने मज्जाले भिजेर राम्रो टुसा उम्रेको देखिन् । अब बुढाले भने देख्यौ सानो छोरो मज्जाले काम गर्नाले आनन्दले खाने सुत्ने हुँदा पसिना भएकाले फुल उठेको हो भने तब उनलाई थाहा भयो की पढ्नुभन्दा गाह्रो काम अरु केही छैन भनेर त्यस दिनदेखि अलि माया गर्न थालिन् । बिस्तारै उनको छोरोभन्दा सौताको छोरो चर्चित हुँदै गएपछि उनलाई पनि आफ्नो छोरोलाई पनि त्यस्तै बनाउन मन लाग्यो त्यसैले उनले बुढा र छोराहरूलाई बोलाई आजदेखि केही दिनका लागि जेठोले गर्ने काम कान्छोलाई र कान्छोले गर्ने काम जेठोले गर्ने छन् खाना पनि साटेर खाने छन् भनिन् । सबैले माने । कान्छो छोरो भने कहिल्यै सभा भेलामा नगएको गाउँमा भेला परेकोले बोलाउन आए अब जेठोको सट्टा कान्छो गयो भने

कान्छोको सट्टा खेतमा जेठो गयो । कहिल्यै घाममा खेतमा काम नगरेको दाइ चाँहिलाई पनि निकै गाह्रो भयो । न त हलो जोत्न सक्यो न त गोरुले भनेको मान्छ निकै गाह्रो भयो खेतीपाती गर्न पनि त साह्रै गाह्रो हुने कुरा उसले अनुभव गऱ्यो । तैपनि खन्ने यताउति काम भने गऱ्यो तर भाइ सबै मान्छेका अगाडि कुरा गर्दा के बोल्ने के ? सबैले अचम्म लाग्ने कुरा राख्दै थिए त्यतिकैमा उसले आफू ठुलो पल्टेर हाम्रा हजुरबाको दाह्री यति लामो थियो की एकपल्ट उहाँ किताब पढ्दै गर्दा उहाँको दाह्रीमा त चराले गुँड बनाए छ भन्यो । यो कुरा सुन्नासाथ सभाका सबै चुप लागे छक्क परे र कराउँदै भने कसरी हो ? यो कुराको टुङ्गो लगाऊ । कसैगरी पनि यसको उत्तर दिन नसकेपछि यस्तो ठुलो सभामा पनि नचाहिँदो हावादारी कुरा गर्ने भनी उसको कुरा फिर्ता गर भने तर ऊ मूर्ख नै थियो त्यसैले हो नै भनेर जिद्दी गऱ्यो तब उसलाई पुलिस बोलाई थुन्न लगाए । यता बल्लतल्ल गएको छोरो थुनामा परेर रोईकराई जेठोलाई सबै कुरा बताई लिएर आऊ भनिन् तर त्यो दिन त ढिला भएकाले जेल मै बस्नुपऱ्यो । रातभर भाइले भनेको कुरालाई कसरी साँचो बनाउनु त्यसको उत्तर के दिनु भनी सोच्दासोच्दै भोलि बिहान उनले फेरि सभा बोलाए र सबैको सामू निकै शिष्ट भाषामा सबै कुरा सुनी सकेर भने की मेरो भाइ सानै छ उसलाई सभामा बोल्ने त्यति बानी थिएन तर उसले भनेका कुरा भने सबै सत्य हुन् कसरी भने । धेरै वर्ष पहिले हाम्रा बाजेले आफ्नो दाह्री लामा लामा भएपछि मात्र काट्ने गर्थे । त्यो दाह्री जहिल्यै फाल्दा मोलखाडलमा फाल्थे । एकपटक भने हाम्रा बाजे बिहान किताब पढीरहेका बेला चरा आई उक्तः फालेको दाह्री लगेर घरको कठप्वालमा गुँड लगाएछ । सबै उनको चलाखी देखेर छक्क परे र हो रहेछ भनी आफ्नो भाइलाई लिई घर पनि गए । यसरी पढेका मान्छे बुद्धिमानी भई जस्तो कुरा पनि मिलाउन सक्ने र जसले जे काम जान्यो त्यही काम गर्नु राम्रो हुने र काम जे जस्तो पनि आफ्नै ठाउँमा गाह्रै हुन्छन् भन्ने कुरा बुझ्न सकिन्छ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेला सुरुक्क मुखैमा आई जाला ॥

**स्रोत व्यक्ति : बलराम पुरी**
**वर्ष : ६७**
**ठेगाना : चाँगुनारायण नगरपालिका-३ भक्तपुर**

## ३.३ कागको कथा

धेरै वर्ष पहिलेको कुरा हो पृथ्वीमा मानिसको बसोबास हुनुभन्दा पहिला पनि आजभोलि पाइने खालका विभिन्न प्रकारका चराचुङ्गी, जीवजन्तु तथा जनावरहरू मात्रै बस्थे । त्यतिबेला कुनै पनि जनावर वा पशु माशंहारी भने थिएनन् । सबैले घाँसपात मात्रै खान्थे र सबै मिलेर बस्थे । एक दिनको हो पृथ्वीमा एक्कासी हिमपात पर्न थाल्यो सबै चरा तथा जनावरलाई भने त्यो हिउँ के हो ? थाहा भएन त्यसैले केहि दिन त रमाइलो गरी कहिले हिउँ खाने त कहिले फालाफाल गरी खेल्ने अनौठो गरी दिनहरू बित्न थाल्यो तर हिउँ पर्न छाडेन । यसरी महिनौँ हिउँ परिरहेपछि मात्र उनीहरूलाई थाहा भयो कि त्यो त हिउँ पो रहेछ त्यसपछि पृथ्वीमा विस्तारै पशुंपक्षीले खानेकुरा पाउन छाडे किनकी सबै जमिन हिउँ नै हिउँले भरिएका थिए जसले घाँसपात उम्रन र फलफुल फल्न पनि छोडेका थिए । खानका लागि शक्तिशाली जीवजन्तुले कमजोरलाई मारेर मासंहारी हुन थाले । यसरी एकले अर्कोलाई मार्न थालेपछि  हिउँ र हिंसाले गर्दा सबै जीवजन्तुको जीवन जोखिम हुन थाल्यो । त्यसैले उक्त समस्याको मूल जड हिउँ पर्न कसरी रोक्ने भनेर सबैले मिलेर सभा गरे । उक्त सभाले कोही एउटा माथि आकाशमा  भगवान् कहाँ गएर भन्न सके पक्कै हिउँ रोकिन्छ र सबै ठीक भई पहिलाका जस्ता दिन आउनेछन् भन्ने निधो भयो । यसका लागि भने कुकुर अरुभन्दा होसियार र बफादार छ, यो काम उसैलाई भन्न पठाउने कुरा भयो तर त्यहाँ ठुलो समस्या यो थियो कि कुकुर खालि कि खेल्न रुचाउने हुनाले कतै रमाइलो देखेर खेल्दाखेल्दै बिर्सने पो हो भनी नपठाउने कुरा भयो । अब उनीहरू सबैको सल्लाहअनुसार सप्तरङ्गी काग सबैभन्दा छिटो उडेर पुग्न सक्छ उसैलाई पठाउने कुराको टुङ्गो भयो । त्यतिबेलाका काग अहिलेका जस्ता काला र स्वर बिग्रेका भने थिएनन् । कागका जिउभरि सात रङ भएको सुनौलो टल्कने र कोइलीको झैँ मिठो स्वरले गीत गाइरहने  ईन्द्रेणी काग हुन्थे । त्यसैले उक्त खबर लिएर काग आकाशमा गयो । त्यहाँ पुगेपछि भगवान्को सामू सबै कुरा बताउदा भगवान्ले भने कि यस समस्याको हल हिउँराजले दिने छन् । तिमी तुरुन्त हिउँ पहाडमा जाऊ ।  ईन्द्रेणी तर हिउँराजले पृथ्वीमा परेका हिउँ पग्लन त सयौँ सयौँ वर्ष लाग्ने छ । म पनि त्यहाँ जान सक्दिनँ भनी सहयोग गर्न मानेनन् । तैपनि ईन्द्रेणी कागले आफ्नो मायालु स्वरले फेरि भन्यो कि सहयोग नगरे पनि सल्लाह दिनुहोस् भनी अनुरोध गर्‍यो । हिउँराजले एउटा आगोको लाप्को दिए र भने यो आगो ननिभाई पृथ्वीमा लैजाऊ यसले हिउँ छिटो पग्लिएर तिमीहरूको समस्याको समाधान हुने छ । यसरी आगो लिएर आउँदा बाटोमा ठुलो हुरीबतास आयो । आगो निभ्ला भनी आफ्नो ज्यानको ख्याल नगरी हरतरहबाट आगो जोगायो तर यो क्रममा उसको अनुहार जिउ सबै डढ्यो र उसको सप्तरङ्गी सुन्दरता पनि गयो उसको स्वर

पनि गयो । तैपनि उसले त्यो आगो पृथ्वीमा ल्याएर सबैको लागि हिउँ पग्लेर राम्रो भयो सबै जना खुसी भए,सबै बाचे र पछि मात्र सबैले यस्तो महान् काम गर्ने कागलाई खोजे र कालो कागलाई देखेर के भयो भनी सोधे उसले पनि म त्यहीँ काग हु भनी सबै कुरा बतायो त्यसपछि सबै जना उसको त्याग देखेर दुःखी भए भने उता काग आफ्नो रूप र स्वर सम्भी रोएर बसी भगवान्सँग अलापबिलाप गर्न थाल्यो । उसको दुःख देखेर भगवान् आई भने कि छिट्टै पृथ्वीमा मान्छेको बसोबास हुने छ । र मान्छेहरूले सबै पशु तथा चराहरूलाई कुनै मासु खान त कुनै आफ्नो शोखका लागि सजाउन पिँजडामा थुनेर राख्ने छन् तर तिमी भने नराम्रो भएकाले र स्वर पनि नराम्रो हुनाले कसैले पाल्ने थुन्ने गर्ने छैनन् भने तिमी आगोले डडेकाले तिम्रो मासु पनि डडेको गनाउने , मीठो नहुने हुनाले कसैले सिकार पनि गर्दैनन् तिमी अरूभन्दा लामो समय बाँच्ने छौ भने र काग खुसी पनि भयो । र अहिलेसम्म कागको रूप र स्वर यस्तो हुन पुग्यो । अहिले पनि काग एकसुरले गीत पनि गाउँछ भने घाम लागेका बेला कागको जिउ हेर्दा कालो मात्र होइन सप्तरङ्गी रङ त सुनौलो रूपमा आज पनि हेर्दा देखिन्छ । यसरी काग कालो विरूप भएको हो भन्ने किंवदन्ती रहेको छ ।

**स्रोत व्यक्ति : दुर्गा के.सी**

**वर्ष : ४४**

**ठेगाना : चाँ.न.-३ भक्तपुर**

## ३.४ राक्षसको अन्त्य

एकादेशमा एउटा साह्रै विकट गाउँ थियो । त्यहाँ न त कुनै गाडीहरू पुग्थे, न त कुनै गतिलो बाटो थियो । अस्पताल, विद्यालय र रोजगारीको त झन् नामोनिसान थिएन । त्यहाँबाट सहर तथा बजार जानुपरे कोसौँ टाढा हिँड्नुपर्थ्यो । यस्तै कारणले गर्दा विस्तारै त्यहाँ जवान युवा, युवतीहरू पनि त्यति थिएनन् । उनीहरू सबै पढ्न वा काम गर्न भनी सहर जान्थे र त्यहीँ डेरा जमाउँथे कहिल्यै कोही पनि फर्केर आउँदैनथे । त्यस गाउँमा एकजना अन्दाजी १७ वर्षको केटो राजन बस्थ्यो । उनीहरू गरिब थिए । जे जसो भए पनि मिहिनेत गरी खुसीसाथ आफ्नो जीन्दगी बिताउँन्थे । उसको घरमा बुढी हजुरआमा र ऊ मात्र बस्थे । आमा बाबाको मृत्युपछि उसलाई हुर्काउने सबै काम हजुरआमाले नै गर्नुभयो । त्यसैले उसलाई उनको असाध्यै माया लाग्थ्यो । एकदिन अचानक उनी सिकिस्त विरामी भई थलै परिन् । राजनले हजुरआमालाई सहरको अस्पताल लाने विचार गर्‍यो । सहर जाने दुईवटा बाटा थिए । एउटा बाटोबाट जाँदा झन्डै एक हप्ता लाग्ने र अर्को बाटो गए दुई दिन जति लाग्थ्यो । आमा हिँड्न नसकेकाले डोकोमा बोकेरै लानुपर्थ्यो । फेरि आमालाई धेरै नै गाह्रो भएकाले छोटो बाटो जानु बाध्यता नै भयो तर त्यो बाटो घना जङ्गल भएर जानुपर्नाले जङ्गली जनावरको निकै डर थियो कहिलेकाहीँ त्यहाँ मान्छे हराउने पनि गर्थे । उसले यस्तो केही नसोची हजुरआमालाई डोकोमा राखी त्यसै बाटो जाने निधो गरी हिँडिहाल्यो । आमा पनि साह्रै गाह्रो भएकाले ऐया ! ऐया ! भनी कराइरहेकी थिईन् । राजन बेलाबेलामा केही हुँदैन आमा हामी छिट्टै अस्पताल पुग्ने छौँ अनि उपचार गरौला भन्ने गर्थ्यो । यसरी नै ऊ धेरै घण्टासम्म हिँडिरह्यो । साँझ पर्न आँटेको थियो । ऊ थाकीसकेकाले त्यतै बस्नका लागि ठाउँ मिलाउनतिर लाग्यो । त्यतिकैमा एकजना ऋषि त्यहाँ आइपुगे । बालक ! तिमी यस्तो घना जङ्गलमा किन बसेको ? कुनै जङ्गली जनावरले तिमीलाई खान सक्छ भने राजनले सबै कुराको विवरण बतायो । ऋषिले राजनलाई हजुरआमालाई लिएर मेरो आश्रममा आऊ भने र उनका पछि पछि लागी आश्रममा पुगे । त्यस रात उनीहरू त्यहीँ सुते । बिहानै ऋषि स्नान गर्न जानु अघि नजिकैको दोस्रो कोठा देखाउँदै तिमी पूजा गर्नलाई तयारी गर्दै गर म नुहाएर आउँछु अनि सँगै तिम्रो आमाका लागि पूजा प्रार्थना गरौला तर एउटा कुरा याद राख तेस्रो कोठामा भने नजानु नि ! भनेर ऋषि स्नान गर्न गए । राजन आलोकाँचो उमेरको थियो त्यसैले उसलाई नजाऊ, नगर भन्यो भने झन् गर्न मनलाग्थ्यो । उसलाई के छ होला तेस्रो कोठामा साह्रै जान मन लाग्यो । तर जाऊ कि नजाऊ गर्न थाल्यो । पछि ऊ आँट निकालेर त्यहाँ गयो । त्यहाँ त धेरै सुन, चाँदी, हिरा बहुमूल्य गरगहनाहरू पो राखिएको रहेछ । राजन त्यो सबै हेरेर दङ्ग पर्न थाल्यो । त्यति नै बेला आवाज आयो को हौ ? तिमी गईहाल । ऊ

डरले थुरथुर काप्न थाल्यो र यताउता हेर्न थाल्यो कसैलाई देखेन । फेरि आवाज आयो उसले अब बल्ल थाहा पायो आवाज भित्ताको पर्दाबाट आएको रहेछ । उसले डराईडराई विस्तारै पर्दा उठायो । आश्चर्य ! त्यहाँ त घाँटी काटेको मान्छेका टाउका नै टाउको झुन्डाएर राखिएको रहेछ । ऊ त्यो देख्नासाथ साह्रै डरायो । ती टाउकाहरू बोल्दै थिए, यो ऋषि होइन, एउटा निर्दयी राक्षस हो । यसले हजार जना मानिसका बली दिएर आफू अमर हुन चाहन्छ । अब तिमी नै त्यो अन्तिम व्यक्ति हो । अनि उसको सिद्धि पूरा हुन्छ । यो सुन्नासाथ ऊ झन् डरायो । म के गरुँ भन्न थाल्यो । हाम्रो कुरा सुन राक्षसले सधैं मान्छेलाई पूजा गर्ने बहानामा भगवान्को अगाडि शिर झुकाउन लगाई त्यतिबेला नै शिर छिनाल्ने गर्छ । त्यसैले जब तिमीलाई नि त्यस्तै गर्न लगाउँछ तिमी पनि कसरी गर्ने मलाई आएन सिकाइदिनुहोस् भनी गर्न लगाऊ उसले शिर झुकाएका बेलामा त्यसको शिर काटिदिनु र त्यस राक्षसको रगत हामीहरू माथि छरिदेऊ टाउकाहरूले भने । राजन हुन्छ भनी छिटो गई पूजाका लागि तयारी गर्न थाल्यो । ऋषि पनि आईपुगे र पूजा सुरु गरे टाउकाले भने झैं राजनलाई ढोग्न लगायो तर राजनले नआएको झैं गरी सिकाइदिन आग्रह गऱ्यो । राक्षसले यसो गर भनी देखाउँदा उसले हतपत्त तरबार लिई राक्षसको टाउको काटीदियो र रगत लगी टाउकामा छरिदियो । राक्षसले आफ्नो कूकर्मको फल पायो भने अरु मान्छे रगत छर्केर बिउँझिए र पहिलेको जस्तै मान्छे बने सबैले उसलाई धन्यवाद दिए । सबै मिलेर त्यहाँका बहुमूल्य वस्तुहरू लिएर गए । राजनले पनि केही गहना लिएर गई हजुरआमाको उपचार गरी घरै फर्के । र त्यो पैंसाले अझ सुखका साथमा राम्रो घर बनाई सुखी भई आनन्दले जीवन बिताए । यसरी राक्षसको अन्त्य भयो ।

**स्रोत व्यक्ति : बिना गिरी**

**वर्ष : ४६**

**ठेगाना : चाँ.न.-३ भक्तपुर**

## ३.५ लक्षिण

एकादेशमा एउटा लावणी भन्ने देश थियो । त्यस देशको एउटा सानो गाउँमा किसानको सुखी, खुसी, रमाइलो र मिलेर बसेको परिवार थियो । उसको परिवारमा एउटी छोरी, छोरो, बुहारी बस्थे । किसानको घरमा खसी बाखा, कुकुर, बिरालो र मुसो थिए । घरको नजिकै बाँसको झाँङ पनि थियो । वरिपरि बारी भएकाले तरकारी फलफुल पनि टन्नै थिए । किसान निकै मिहिनेती र दयालु त थियो नै ऊ एकोहोरो स्वभावको पनि थियो । सधैँ खेतीपातीमा रमाउने मिठो बोली वचन भएको थियो । एक प्रकारले भन्दा उसका घरमा नभएका चिज केही पनि थिएनन् । हरेक कुराले सम्पन्न

भएकाले पनि गाउँमा अरु किसानका परिवारभन्दा खुसी नै थिए । यो परिवार देखेर सबै दङ्ग नै पर्थे । त्यस गाउँमा साँझ बिहान भने अनेक थरीका जोगी माग्न आईरहन्थे ।

एक दिनको कुरा हो बिहानको झुल्के घामसँगै एक जना जोगी किसानको घरतर्फ आउँदै थियो । किसानका सबै परिवार भने बिहानको खाजा खाँदै थिए । आउँदै गरेको जोगीले घरतिर हेर्दै डमरु बजायो ,सबैले ऊतिरै हेरे । त्यस घरमा पहिलो पटक त्यस्तो जोगी आएको थियो जो अन्नबाली माग्न नभई त्यो किसानको घरमा रहेको लक्षिण माग्न आएको थियो । उसलाई पहिले नै थाहा थियो की त्यस किसानका घरको अन्नमा नै लक्षिण बसिरहेको छ भनेर त्यसैले त्यो लक्षिणलाई हात पार्नका लागी किसानलाई तिम्रो, घरमा सबैलाई राम्रो हुन्छ यदि मलाई मागेको कुरा दियौ भने भनी मलाई तिम्रो घरको अन्न देऊ भनी माग्यो । किसानले नि खुसी हुँदै अन्न दिन आउँदा, अन्नमा रहेको लक्षिण नजिकैको बाँसको झाँङमा सऱ्यो । त्यो कुरा जोगीले चाल पायो त्यसैले मलाई बाँसको एउटा चोया देऊ बिँडी खान सजिलो हुन्छ भन्यो । किसान एकोहोरो भएकाले बाँस काट्न गयो । बाँस काट्दा बाँसको पात तल झऱ्यो र त्यो पात खसीले खायो लक्षिण पनि खसी मै सऱ्यो । जोगीको उद्देश्य नै लक्षिण हात पार्नु थियो त्यसैले अनेक निहुँ पारी फेरि भन्न थाल्यो म जानै लागी हाले जानुभन्दा अघि यो खसी काँटेदेखि यसको मासु म नि खाएर जान्थे भन्यो । दयालु र सोझो किसान एकोहोरो पनि भएकाले खसी काट्न लगाईहाल्यो र घरकी बुहारीलाई मिठो पारी पकाऊ जोगीलाई खुवाएर पठाउनुपऱ्यो भने । बुहारीले पनि जाँगर लगाएर पकाइन् तर नुन भने लाग्यो की लागेन थाहा पाउन एक टुक्रा मासु चाखिन् र त्यो लक्षिण तिनै बुहारीको दाँतमा गई बस्यो । मासु हातमा लिनासाथ फेरि जोगीलाई थाहा भईहाल्यो लक्षिण त किसानकी बुहारीको दाँतमा बसेको छ भनेर त्यसैले अनेक बहाना गरी जोगीले अब मलाई केही चाँहिदैन बरु तिम्री बुहारीको दाँत मलाई देऊ अनि म जानेछु । नभन्दै किसानले पत्याई हाल्यो कुनै कुरामा लागेपछि त्यो कुरा गर्नैपर्ने हुनाले

पनि सबै मान्छे छक्क परे तर उसले दाँत मागेर दियो बल्ल जोगीको हातमा उक्तः लक्षिण हातमा पऱ्यो र उसले कपडामा मज्जाले कसेर बाँधी अनेक मन्त्र भनी त्यो लक्षिणलाई अन्त जान नसक्ने गरी राख्यो र आफ्नो बाटो लाग्यो ।

जोगी गएको केही दिनदेखि नै किसानका घरमा अनेकौँ समस्या पर्न थाले घरका सबै अन्न रित्तिदै गए, भएका खानेकुरा समेत खान लाग्दा यतिकै बिलाउन थाले । किसानको घरको लक्षिण जोगीले लगेकाले यस्तो भएका कुरा उनीहरूलाई थाहा पनि भएन । फेरि लक्षिणलाई त्यस घरका कोही सदस्यले पनि देख्न पनि त सक्दैनथे । तर कुकुर, बिरालो र मुसाले भने देख्न सकेकाले उनीहरु भेटेर त्यस्तै कुरा गर्दै थिए । अब हामीले यस घरमा केही खान पनि पाएनौँ उता मालिकहरू पनि खान नपाएर भोकभोकै मर्ने भए के गर्नु ? हामीले गरेका यस्ता कुरा उनीहरूले बुझ्न नि सक्दैनन् । बुझे पनि पत्ताउँदैनन्  के गर्नु । अब मुसाले भन्यो जसरी पनि छिट्टै नै त्यस जोगीसँग यस घरको लक्षिण लिएर आउनुपर्छ  । यस कुरामा कुकुर र बिरालो पनि सहमत भए र घरबाट जोगीलाई भेट्टाउन भनी हिँडे । जाँदा जाँदा एउटा ठुलो खोलामा पुगे तर त्यो खोला तर्न तिन वटैले नसक्ने भए । मुसाले आफू खोलामुनि मुनिबाट खनेर बाटो बनाउने त्यसको लागी तिमीहरूले सहयोग गर्नुपर्ने कुरा भन्यो  । उनीहरूले सहमति जनाए  र त्यसै गरे । खोला पनि तरे त्यसै बाटो जाँदा जाँदा एउटा अनौठो गुफामा पुगे भित्र गई हेर्दा त त्यसै जोगीको घर पो रहेछ । उनीहरू छक्क परे । जोगी भने खाना खाएर मुख खुल्लै राखी मस्तसँग निदाएको थियो यताउता हेर्दा त्यो लक्षिण भएको दाँत खोज्न थाले तर त्यो दाँत त जोगीले आफ्नो मुखको सिधा माथि झुन्डाएर राखेको रहेछ कसरी लिने भनी सोच्न थाले । मुसाले भन्यो म माथि जान्छु दाँतको धागो काट्छु र दाँत तल झर्छ जोगीको मुखमा पर्छ जब जोगीले त्यो दाँत थुक्छ तब तिमीहरू त्यो दाँत टिपी भागिहाल्नु भन्यो, हुन्छ भन्छन् र साच्चै नै त्यस्तै हुन्छ । दाँत लिएर कुकुर र बिरालो छिटो त्यहाँबाट भाग्छन् मुसा पनि पछि पछि आएर भेट्छ । उता अघि आएको बाटो टालिएकाले खोला तरेरै जानुपर्ने भयो । अर्को कुनै उपाए थिएन त्यसैले कुकुर त खोला तर्न सक्ने हुनाले आफ्नो काँधमा बिरालो र बिरालोको काँधमा मुसा बसेर खोला तर्न थाले । खोलाको बिचमा पुगेपछि लक्षिण भएको दाँत खोला खस्यो र त्यो दाँतलाई माछाले खायो । अब उनीहरू झन दुःखी भए हातमा आएको लक्षिण फेरि फुत्क्यो । तर उनीहरू हार मान्नेहरूमा थिएनन् त्यसैले अनेक गरेर त्यो खोला तिनै वटा मिलेर थुने । पानी बग्दै आयो माछा पनि आयो र माछालाई मिलेर छेकीछेकी समाते ।

किनारामा आई माछालाई चिरेर लक्षिण बसेको दाँत निकाल्दै थिए । एक्कासी आकाशमा घुमिरहेको चिलले देख्यो र टपक्क माछा टिपी उड्यो । अब के गर्ने ? उनीहरू टुलुटुलु चिल आकाशमा घुमेको हेर्न थाले । तैपनि हार नमानी मुसाले जुक्ति निकाल्यो की म यो ढुङ्गामाथि मरेको जस्तै सुत्छु । जब चिल नजिकै मलाई खान आउँछ , तिमीहरू दुवै मिली त्यस चिललाई समात्नु भन्यो र त्यसै गऱ्यो । चिल पनि मुसा खान ढुङ्गामा के आएको थियो कुकुर र बिरालोले पनि त्यसै गरेर समाउन सफल भए । चिलको पेट चिरेर माछा निकाली, माछाको पेटबाट उक्तः लक्षिण निकालेर घर गए । घरमा जाँदा किसान र किसानका सबै परिवार मरिसकेका रहेछन् । त्यसपछि ती तिनैवटा मिली अब हामी यो मान्छे नभएको ठाउँमा बस्दैनौँ । तिमी भने यसै घरको हौँ अब यसै घरमा बस भने त्यतिबेलै लक्षिण एक्कासी मकैको रूपमा आएर मलाई नछोड तिमीहरू पनि यहीँ बस बरु मेरो मुटु खाएर भए पनि बस्नु भन्यो । र सबै मिलेर बसे ।

**स्रोत व्यक्ति : कान्छी गिरी**

**वर्ष : ५१**

**ठेगाना : चाँ. न.-३ भक्तपुर**

## ३.६ ब्राहमणको कथा

एकादेशमा एक जना ब्राहमण थिए । उनी असाध्यै गरिब थिए । आज एक पाथी कमाएर ल्याउँथे, भोलिफेर छैन । दिनकै यसरी नै एक पाथी धान कमाएर ल्याउने र भोलि सिद्धिने गर्दथ्यो । उता उनका दाजु भने धनी थिए । त्यसैले उनकी बुढी भने जहिल्यै अलिकति कमाउँछन् बाँकी केही हुँदैन जागिर पनि खान जादैनन् भनेर गनगन गरिरहन्थी । अब त ब्राहमण पनि कमाउन जाने कुरा गर्न थाले तर के लिएर जाने घरमा केही थिएन त्यसैले मावल जाने विचार गरे । मावलमा गएपछि त मामाहरूले केही खर्च दिने छन् त्यही खानेकुरा पैंसा लिएर बाटो खर्च नि हुन्छ भनी मामाघर गए तर त्यसै दिन भने मामा घरमा रहेनछन् उनलाई आपद पऱ्यो । असहजिलो मानी मानी माइजूलाई भने की म कामाउन हिँडेको खर्च पनि छैन आजै मामा नि हुनहुन्न भन्दा माइजूले आफूसँग जम्मा बिस रुपियाँ छ, चामल, पिठो,,नुन गुन्द्रुक हाल्दिन्छु खोसार्नीसोसार्नी मोल्नु खानु केही दिनलाई भईहाल्छ भनिन् । हुन्छ भनी सानो कुटुरो बनाई लिई गए । जाँदा जाँदा रात भयो एउटा ठुलो वनमा पुगे तल बस्दा बाघ भालुले खाइदेला माथि रुखका खसिन्छ की भनेर पटुका बाँधेर बसे अलि पर आगो बालेको देखे, त्यहाँ कुनै आश्रम त होला नि भनेर त्यतै गए जाँदा त एक जना लट्टाधारी जोगी ठुलो धुनी जगाएर ध्यानमा बसेका रहेछन् । नमस्कार गरे उनले आफ्नो ध्यान पूरा नभएकाले केही बोलेनन् । उनको तपस्या सकेपछि तिमी को हौ ? भने भनले सबै कुरा बताए आफू जागिर खानका लागि आएको भने निकै दुःखी भएकाले उक्त जोगीले रातमा चार पहर हुन्छन् हरेक पहरमा म तिमीलाई जे जे भन्छु तिमी मान है त भने ध्यानमा बसे जब पहिलो पहर आयो उनले तिमीले चार जनाले भनेको मान्नु भने फेरि ध्यानमा बसे । दोस्रो पहर आयो आँखा खोले र दिसा पिसाब गर्दा कहिल्यै बाटामाथि नबस्नु बस्नै परे बाटाको तल बस्नु । केही नबुझे सोध भन्यो ती ऋषि तपस्या बस्न थाल्छन् । आगो बलिरहेको छ । तेस्रो पहर आयो, आँखा खोले र त्री जातिलाई विश्वास नगर्नु भने फेरि आँखा बन्द गरे । यस्तै तरहले चौँथो पहर आयो उनले आँखा खोले र भने सरकारलाई कुनै कुरा नढाट्नु भनेर उस्तै तपस्यामा बसे । उनी उठ्ने कतिबेला हो भनी ब्रहामण आफ्नै बाटो लागे । बिहानको समयका केहीबेर हिँडेपछि दुईजना मान्छेले तिमीलाई सय रुपियाँ दिउँला एकजना जोगी मरेका छन् खोलामा लगी गाडेर आऊ भने । उनले होस् कहाँ मरेको मान्छे छुनु भने हिँडे । अलि पर गए फेरि दुई जना मान्छेले चार सय दिउँला जोगीको लास थन्काएर आऊ भने होस् भन्दै थिए, एक्कासी ती लट्टाधारी बाबाले भनेको कुरा झट्ट सम्झे चार जनाले भनेको मान्नु अनि त आफ्नो कुटुरो हेर्न लगाई धोक्रोमा लास हाली खोलाका किनारमा गए । खाल्टो खनेर जोगीको लास खसाल्न खोज्दा त सुनका असर्फी पो रहेछन् उनी दङ्ग परे हतार हतार गरी त्यसै

धोक्रोमा पुग्ने असर्फी हाले फेरि आफ्नो कुटुरो लिन गए सबैले थाहा पाउलान् भनी त्यतैबाट जोगीको एउटा टेक्ने लठ्ठी पनि लिएर गए । जाँदा जाँदा उनलाई दिसा बस्न मन लाग्यो त्यसैबेला उनलाई बाबाको कुरा याद आयो र बाटोकोमुनि दिसा बसे र आफ्नो बाटो लागे । केहीबेर पर गएपछि लौरो सम्झे र लिन गए । बाटोमाथि बसेका भए त्यो लौरो अरुले नै लान्थे होलान् तर बाटोमुनि भएकाले कसैले लगेका रहेनछन् लिएर आए । साँझमा घर पुगे बुढीलाई दाजुका घरबाट पाथी लेराउन लगाए । बुढी भने पहिलेको झैँ त्यही धान त ल्याए होलान् एकदिनमा के चाहिँ ल्याए होलान् त भनी लिन गइन् उता भाउजू भने अलि डाडे स्वभाव की हुनाले ठुलै धोक्रो बोकेर के ल्याएछन् भनी पाथीको पिँधमा खोटो टाँसेर पठाईन् । ब्रहामणले पनि सुनका असर्फी भरेर बाँधी थपक्क राखे, पाथी पुऱ्याउन पठाए । पाथीका एउटा असर्फी टाँसिएर गएछ । भाउजूले भने उक्तः कुरा थाहा पाएर एक दिन मै यत्रो धन कसरी कमाए भनी खुल्दुली भयो । देउरानीलाई पँधेरामा जाँदा सोधिन् तर उनलाई केही थाहा थिएन त्यसैले खोई के ल्याएका हुन् पाथीले भरे केही थाहा छैन भनिन् । देउरानीले पनि ढाँटी भनी उनलाई रिस उठ्यो । दाइले पनि जसरी पनि त्यो देउरानीलाई सोध न भने । फेरि जेठानीले जिद्दी गरेपछि ल ल म जे गरे नि सोध्छु भनिन् । बेलुका तपाईंले के कहाँबाट ल्याएको हो भन्नु न म कसैलाई भन्दिनँ भनेर नारी हठ गर्न थालिन् यदि नभने म त मर्दिन्छु भनिन् । त्री जातिको विश्वास नगर्नु भनेकाले उनले कुरा घुमाएर माथि माथि हिमालमा गएको थिएँ । त्यहाँ पारो भन्ने चिज पाईदो रहेछ र भलिद्र खाए भोलिफेर दिशा बस्दा त सबै सुनका असर्फी पो भए त्यही टिपी ल्याएँ भने । यो कुरा उनले आफ्नी जेठानीलाई सुनाइन् र एकजना देबरले त यति ल्याए भने हाम्रा घरमा दुई छोरा बुढाले त कति पो ल्याउलान् भनी तिनै जनालाई पठाइन् उता पारो भरिद्र खाएर तिनैजना मरे । डाडे जेठानीले भने राजा कहाँ उजुरी हालेर मेरा देबरले भने झैँ गर्दा यस्तो भयो भनिन् र सरकारी मान्छेले समाते । अब ती बाबाले भनेको चौँथो कुरो अनुसार सरकारलाई नढाट्नु भनकाले सबै कुरा साँचो बताउँदै गए राजाका सेनाले टिप्दै गए उता गई बुझ्न जाँदा त सबै साँचो रहेछ । उनी निर्दोश ठहरिए । त्यसैले अरुको डाडो र सुनेका भरमा कुरो नबुझी गरेको  काम राम्रो हुन्न भन्ने शिक्षा यस कथाबाट सिक्न सकिन्छ ।

**स्रोत व्यक्ति :उपेन्द्र ढकाल**

**वर्ष :७४,ठेगाना : चाँ.न.-३ भक्तपुर**

## ३.७ काले राजकुमार

एकादेशमा एउटा प्राकृतिक सुन्दरताले भरिपूर्ण सानो गाउँ थियो । त्यस गाउँमा एउटा असाध्यै गरिब परिवार जसमा एउटी बुढी आमा र उनको लोसे छोरो थियो । बुबाको मृत्यु भइसकेकाले आमैले धेरै नै माया दिई पालेकी थिईन् । तर छोरो भने सानैदेखि केही भने पनि रिसाएको पनि थाहा नहुने खुसी भएको नदेखाउने तर सानैदेखि ऊ त्यसै गाउँको नजिक रहेको खोलामा गई पानी हेरेर बसिरहन्थ्यो र हात घुँडामा राखी त्यहीँ निदाउथ्यो । उता उसकी आमा भने यसरी निदाएर बस्दा कुनै दिन लडी खोलामा परी बगाउला वा केही नराम्रो होला भनी डराउँथिन् यस्तै गरी ऊ ठुलो पनि भयो तर उसको बानीमा भने कुनै परिर्वतन आएन गाउलेहरू सबैजना उसलाई हेपेर बोल्थे यसले केही काम गर्न सक्दैन यो अल्छी, कामचोर, लोसे हो भन्थे । यस्तैगरी दिन बित्तै थियो । उसलाई बच्चाबेलामा कसैले भनेको सुनेको थियो कि केही टाढा घरभन्दा नि अग्लो पर्खाल छ भनेर आज उसलाई एक्कासी त्यहाँ जान मन लाग्यो र केही नभनी ऊ पर्खाल खोज्दै गयो । घरबाट हिँड्दा उसले एउटा बाँसको लठ्ठीर सानो चक्कु साथमा लिएको थियो । बाटोमा जाँदै बाँसमा प्वाल पारी बाँसुरी बनायो । हिड्दा हिड्दा बल्ल पर्खाल भएको ठाउँमा पुग्यो । पर्खालको ढोकाबाट भित्र गई के छ ?होला भनी हेर्न मन लाग्यो । ऊ भित्र गएर पर्खालको माथि चढेर के के देखिन्छ भनी हेर्नका लागी बल्लतल्ल माथि पुग्यो । अनौठो दृष्य रहेछ त्यहाँ चारैतिर रमाइलो थियो । नजिकै ठुलो नदी बिचमा पुगेर आधा आधा भई बगेको बिचमा साह्रै राम्रो अचम्मको गाउँ थियो । त्यहाँ एउटा अग्लो घरको छतमा एउटी सुन्दरी एकोहोरो हेरी बसेकी थिई यो दृष्य देख्नेबित्तिकै उसले केटीलाई हेर्दै आफ्नो बाँसुरी झिकेर मिठो धुनमा दिउँसोभरि विरहको गीत बजायो । झमक्क साँझ पर्न आट्यो हेर्दा केटी थिईन् । ऊ पनि बाँसुरी लिई आफ्नो घर फर्क्यो । यस्तै गरी ऊ सधैँ आउँथ्यो त्यसै गरी पर्खाल चढी केटीलाई हेरी बाँसुरी बजाउँथ्यो । तीन चार दिन त त्यसैगरी बित्यो पाँचौं दिन भने त्यस घरमा उक्त केटी त्यहाँ थिईन । उसले कतिबेर हेर्‍यो तर केटी नआएपछि ऊ दुःखी हुँदै घर फर्कदै थियो, चार जना महिलाहरू पर्खालको बारेमा कुरा गर्दै थिए ।त्यो सुनेर ऊ रोकियो उनीहरू भन्दै थिए कि त्यो अग्लो पर्खालको उता एउता सानो राज्य छ त्यहाँ जहिले पनि राजकुमारी खोला हेरी बसेकी देखिन्छिन् उनी साह्रै राम्री छिन् यो सुन्नासाथ ऊ छक्क पर्‍यो कही दिनमै गहिरो माया बसेको थियो । उनी कहाँ राजकुमारी म कहाँको गरिब म उनीबिना बाँच्न सक्दिनँ । मैले थाहा नपाई राजकुमारीसँग प्रेम बस्यो । यदि म पनि राजकुमार भएको भए पक्कै मन पराउँथिन् अब म के गरुँ कहाँ जाऊ ?कस्ले मलाई सहयोग गर्ला भनी छट्पटाउँदै हिड्दै गर्दा केही युवाहरू कोही चमत्कारी बाबाको कुरा गर्दै थिए जसले मानिसको

मुटु नै परिर्वतन गरी आफूले चाहेको जस्तो बनाउन सक्छ भनेर त्यो सुन्नासाथ उसले त्यो अद्भूत मान्छे कहाँ छन् साच्चै यो कुरा सत्य हो भनी सोधी केही नसोची त्यस राजकुमारीलाई पाउनका लागि तुरुन्त त्यतै हिड्यो र धेरै दिन लगाएर ऊ त्यस ठाउँमा पुग्न सफल भयो । त्यस मान्छेलाई आफ्नो सबै कुरा त्यस बाबालाई बतायो बाबा अचम्म मानी तिमी किन आफ्नो मुटु साट्न चाहन्छौ ? सबै ठीक त छ नि ! फेरि पछि तिमीले चाहेर पनि पहिलाको रूपमा पाउन सक्दैनौ भन्दा पनि केही बिचारै गरेनन् उनको ईच्छा नै त्यस केटी पाउनु थियो अझ उनले त यो प्रक्रिया पूरा गर्न करिब तीन वर्ष लाग्छ भन्दा पनि ऊ पछाडि हटेन र आफू त्यस केटी पाउनका लागि राजकुमारी बन्न चाहन्छु भनी त्यस्तै बने उता भने उनकी आमा आफ्नो छोरा धेरै दिनसम्म घर नआएपछि सबैले खोज्दा पनि नभेट्टाएर पक्कै खोलाले बगाई मर्‍योहोला भनी सबै गाउँलेका सहयोगमा ममतामयी वियोगमा रुँदै उनका समानलाई लाश मानेर गाडेर दाहसंस्कार गरी क्रियाकर्म पनि गरिन् सबैको सामू उनको मृत्यु सिद्ध भयो । यता भने तीन वर्ष भएपछि पुरै राजकुमारको भेषमा टकटक त्यसै केटी भएकी आफूलाई उनको योग्य बनाई दरबारमा आउँदै थिए एक्कासी त्यहाँ सबै परिर्वतन भएको थियो त्यस राज्यमा अर्कै राजाले आक्रमण गरी सबै सेना मारी जम्मा बिस जना मात्र बाँकी थिए ती पनि हार स्वीकारेर आत्मसर्मपण गर्न जाँदै थिए तर उक्त नयाँ राजकुमारले यस्तो नगर म लड्न जान्छु भने ती सिपाही छक्क परे र राजा कहाँ लगे उसको आत्मविश्वास देखेर राजाले हुन्छ तिमी यी सिपाहीका साथमा जाऊ यदि तिमीले जित्यौ भने म तिमीलाई यस देशको मुख्य सेना बनाई धेरै धन सम्पत्ति पनि दिनेछु । नभन्दै उनले जिते र दरबारमा उनको जय जय कार गर्दै सम्मानका साथ ल्याईए । राजाले अगाडिको वाचाका बार् कुरा गर्दा सँगै रहेकी उनले पहिला नै मन पराएका राजकुमारीलाई देखी मलाई केही चाहिन्न तर मसँग तपाईंकी छोरीको विवाह गरिदिनुस् भने राजा त यो सुनेर खुसि नै भए तर राजकुमारीले यो सुन्नासाथ रुँदै भनिन् कि मेरो लागि मलाई मनपर्ने गीत बाँसुरीको धुनमा त्यो पर्खालमा बसी तीन वर्ष अगाडि जसले गाउँथ्यो म त्यसैसँग मात्र विवाह गर्छु होइन भने म विवाह नै गर्दिन भनिन् । यसपछि त्यस मान्छेको खोजीमा सिपाही पठाउँदा बुढी आमैले ऊ तीन वर्ष अघि नै मरिसकेको कुरा थाहा भयो । यो सुनेर ती राजकुमार छाँगाबाट खसे झैं छक्क परे लाग्यो कि संसारै रित्तो भयो न त उनी आफू त्यहीँ भनी प्रमाणित गर्न सक्थे, न त फेरि चाहेर पनि पहिलाका रूपमा बदल्न, न त आफ्नो आमाका साथमा घर फर्कन । उनी पछुतो वियोगले विचलित हुँदै उराठलाग्दो जीवनलाई

उराठलाग्दो मरुभूमिमा राजाका सबै सुख सुविधा त्याग गरी जीवन विताउन गए पछि राजकुमारी पनि आफ्नो प्रेमको वियोगमा परी मरिन् ।

**स्रोत व्यक्ति : पुरुषोत्तम लामिछाने**

**वर्ष : ५९**

**ठेगाना : पगरीटोलचाँ.न.-३ भक्तपुर**

## ३.८अनौठा राजा

धेरै वर्ष पहिले सबैतिर साना साना राज्य थिए । एउटा राज्य यस्तो थियो कि चारैतिर हरिया डाँडाले ढाकेको खोला, ताल, झरना जात जातका बोटबिरुवा जनावर सबैले निकै सुन्दर रमाइलो नै थियो । त्यहाँका मान्छे भने खेतीपाती, सिकार, काठका काम नै गर्थे तर त्यहाँका राजा भने निकै अनौठा रहस्यमयी, अचम्म लाग्दा थिए । उनको विशेष विशेषता भन्नु नै बाह्रै महिना बाह्रै काल कानसम्म आउने टोपी लगाउँथे । हरेक वर्षमा जाडोआउँछ, गर्मी, वर्षा जस्तै समयमा पनि उनको टाउकोमा टोपी हुन्थ्यो, रातमा सुत्दा समेत टोपी लगाएर सुत्थे । तर उनले आफ्नो कपाल काट्दा मात्र टोपी फुकाल्ने गर्थे त्यो कुरा त्यसै हजामलाई मात्र थाहा हुन्थ्यो । यसरी नै धेरै समय बित्यो । त्यहाँ एउटा कुरा अचम्म लाग्दो थियो कि जसले ती राजाका कपाल काट्न आउँथे । त्यो हजाम कहाँ जान्थ्यो फेरि त्यसलाई देख्न मुस्किल होइन असम्भव थियो त्यसका पनि आफन्त परिवार सबै हुन्थे तर ऊ कहिल्यै फर्कैर आउँदैनथ्यो । यस्तो गर्दा गर्दै विस्तारै त्यस सानो राज्यमा हजाम पाउनै मुस्किल भयो र सबै माझ राजाको कपाल काट्न आउने हजाम कपाल काटेपछि हराउने गरेको कुरा फैलिसकेको थियो । अब राजाले राज्यमा नयाँ नियम राखे । जसले कपाल काट्न सिक्छ त्यसले पहिलो पटक राजाको कपाल काटी काम सुरु गर्नुपर्ने । यस्तो गर्दागर्दै त्यसै राज्यका एकजना ज्यादै गरिब शैलेन्द्र नामका हजाम आफ्नो तालिम सिध्याएर कामको थालनी गर्ने अवस्थामा पुगेको थियो । राजा पनि कपाल काट्ने बेला भयो कसलाई बोलाउने होला भन्ने चिन्तामा थिए । त्यसैबेला शैलेन्द्रको कुरा थाहा पाए राजाले उनलाई लिन आदेश पठाए । सिपाहीले हजामको आमाको अगाडि उक्तः कुरा राखे त्यो कुरा सुन्नासाथ शैलेन्द्र आफू अब पक्कै धनी होइने छ । राजाको कपाल काटेको थाहा हुने वित्तिकै म त चर्चित प्रख्यात भएर मसँग सबै कपाल काट्न आउनेछन् त्यसैले हामी धनी भई हाम्रा दुःखका दिन जाने छ भनी जानलाई उत्साहित भयो आहा ! गरी करायो तर आमाले तिमी जाने छैनौ भनिन् त्यहाँ नपठाउने भनी राजाको आज्ञाको अवज्ञा गरिएको ठहर्ने हुनाले सिपाहीलाई म राजासँग केही कुरा गरेर मात्र पठाउने छु अहिले तिमीहरू जाओ भनिन् । छोरा भने यो मेरो लागि ठुलो मौका थियो किन नपठाएको भनी साह्रै चिन्तित भयो । आमा चाहिँ भोलिपल्ट डुङ्गा चढेर खोला तर्दै राजा कहाँ पुगिन् । राजालाई भेटी ज्यादै शिष्टताका साथ तपाईंको जसले सेवा गर्छ त्यसमाथि त केही दया पनि राख्नुहोस् भनी विन्ती गर्न लागिन् यो सुन्नासाथ राजाले ए, मैले कुरा बुझेँ तिमी त्यसै हजाम शैलेन्द्रकी आमा हौं होइन भनी सोधे उनले हो हजुर भनिन् र

राजाले भने चिन्ता नगर ऊ सुरक्षित हुने छ तर एउटा कुरा तिमीले पनि मसँग वाचा गर तिम्रो छोराले त्यतिबेला मेरो कोठामा जे देख्छ त्यो कुरा चुपचाप रहस्य नै राख्ने छ यदि त्यसो हो भने म पनि तिम्रो छोरोलाई केही गर्ने छैन यो मेरो पनि वाचा नै भयो अहिले तिमी जाऊ तिम्रो छोरालाई पठाऊ भने । आमा घर गई आफ्नो छोरालाई तिमी राजाका कपाल काट्न जान सक्छौ तर तिमीले कपाल काट्दा जे देखे पनि चुप लाग त्यो कुरा मलाई पनि नभन है भनिन् । छोरो भने उत्साहित भई चाहिने चिज सबै अत्यन्त कलात्मक रूपमा मिलाई बाकसमा राखी दरबारतिर लागे । राजाले नि विशेष कक्षामा लगी कपाल काट्न बसे जब राजाले टोपी खोले शैलेन्द्र राजाको टाउकामा दुईटा सिङ देखी आत्तियो पनि ठुलो स्वरले हाँस्न खोज्यो तर आफ्नो मुख आफैंले तुरुन्त छोपी विस्तारै राजालाई नुहाई  पुछेर कपाल निकै होसियारीपूर्वक कपाल काटेर पखाली फेरि टोपी लगाएर घरतिर लाग्यो । ऊ घर आयो आमाले देखी खुसी भई छोरालाई भोक लाग्यो होला भनी खाजा खान बोलाईन् तर उसले सहजै नखाने भन्यो । बेलुका खाना तयार गरिन् तर ढोका थुनेर बसेको छोरो खान आएन आमाले पनि थकाइ लाग्यो होला भनी चुप लागिन् । यसैगरी नास्ता गर्न बोलाउँदा पनि ऊ आएन यस्तै गरी ४, ५ दिन बितिसक्यो अब आमाले के गर्ने  भनी नजिकै गाउँका अति चर्चित ठुला विद्वान लामा कहाँ गई सबै कुरा बताई मेरो छोरालाई सहयोग गर्न विन्ति गरिन् । उनीले ती विद्वानलाई लिई घर आईन् छोराको कोठा देखाईन् । तिनीले ढोका ढङढङ गरी आफू पारी गाउँबाट आएको ढोका खोल म तिमीलाई सहयोग गर्छु भने यति भनेपछि विस्तारै घरक्क गरी ढोका खोले । उनलाई आमाले पहिला नै छोरो दरबारबाट आएपछि यस्तो भएको हो भनेकी थिईन् त्यसैले केही भन्न नपाएर यस्तो भएको होला भनी अनुमान गरी म तिमीलाई ठीक गर्छु तर तिमी खोलामा डुङ्गा चढी जाँदा जहाँ सबैभन्दा ठुलो रुख जुन छ त्यसलाई अँगालो हाली त्यो मनको कुरा बताऊ अनि सबै ठीक हुन्छ भने र उनी घरतिर लागे । शैलेन्द्र तुरुन्तै निस्की त्यस्तै रुखको खोजी गर्न लागे नभन्दै खोलाको निकै तल एउटा अत्यन्त हाँगाबिँगा भएको मोटो अग्लो रुख देख्यो र त्यहाँ गई बेसरी अँगालो हालेर भएभरको बल निकाली ठुलो स्वरमा कराएर राजाको दुईटा सिङ छन् भनी कराएर लामा लामा सास फेरी ऐया ! ऐया ! गरी सुस्केरा हाले र घर फर्की आमालाई बोलाइ आफूलाई मनपर्ने खानेकुरा के के छन् बनाउन लगाएर खाको खाई गर्न लाग्यो यो देखेर आमा पनि खुसी भईन् । उता दरबारमा भने राजाले ठुलो सभा राखी त्यस देशका महफ्वपूर्ण मान्छे जतिलाई बोलाउने निधो गरे त्यसका लागि उनले सबैभन्दा पहिला एकजना चर्चित संगितकारलाई बोलाइ मेरो सभामा एउटा अनौठो विल्कुलै नयाँखालको संगित बजाऊ है भने त्यो मान्छे पनि त्यस सभामा

कसरी नौलोपना ल्याउनेहोला भनी विचार गर्दै जाँदा राम्रा डकर्मी देखी प्रशस्तै पैँसा पनि दिए र जङ्गलमा गई सबैभन्दा ठुलो रुख काटेर ल्याई त्यसको अत्यन्तै नौलो अचम्मलाग्दो बाजा बनाऊ भने र उसैको निर्देशनमा त्यो बाजा भने जस्तै तयार भयो । र राजाले भनेका दिन देशभरका प्रख्यात व्यक्तित्वका अगाडि साहै राम्रो सजाइएको त्यो भोजमा सर्वप्रथम संगितको मीठो धुनले कार्यक्रम सुरु गर्न आज्ञा दिए । अनौठो वाजा भुईंमा राखी तार तानेर पहिलोपल्ट उनले बजाए त्यहाँ त मान्छेले मिठो स्वरमा भने झैँ राजाका दुईटा सिङ छन् भन्ने आवाज पो आयो सबै राजाको अनुहार हेरी मुखामुख गर्न थाले । उसले क्षमा गर्नुस् भनी म फेरि बजाउँछु भन्यो फेरि पनि सोही आवाज आयो यो सुनेर राजाको केही सिप चलेन उनले विस्तार टोपी खोले सबै छक्क परे । राजाको त साच्चै सिङ पो रहेछन्।पनि हाँसेनन् । दङ्ग पनि परेनन् बरु सबैले खासखुस गर्दै मेरो नाक अरुका भन्दा लामो छ मेरो हात बाङ्गो छ मेरो भूँडी ठुलो छ सबैको एक न एक फरकपना हुन सक्छ । यो केही होइन मानिसले बनाएर बन्दैन भनी कुरा गरे त्यसदिन देखि राजाले टोपी लगाउन छाडे जाडो हुँदामात्र लगाउने गरे । सबै हजामले काम गर्न पनि थाले । यसरी यस कथाबाट मानिसले प्रकृतिले दिएका आआफ्ना शारीरिक बनोट जस्तो छ त्यसमा चित्त बुझाउने आनन्द मान्ने लुकाउने हेला गर्ने गर्नु राम्रो होइन भन्ने कुरा सिक्न सकिन्छ ।

**स्रोत व्यक्ति : सीता तिमिल्सिना**

**वर्ष : ३९**

**ठेगाना : मेलचाँ.न.-३ भक्तपुर**

## ३.९ चलाख मन्त्री

एकादेशमा एउटा ठुलो राज्य थियो । त्यस राज्यका मुसलमान राजा इम्रान हुसेन थिए । उनी साह्रै दयालु र शक्तिशाली थिए । त्यस राज्यमा आक्रमण गर्नु अगाडि सबै राजा चारपटक सोच्थे । उनले आफ्नो राज्यलाई निकै राम्ररी र शान्ति कायम राखेर समालेर मिलाई राखेका थिए । उनका राज्यमा हिन्दु र मुसलमान बराबरैथिए । राजाका नजरमा हिन्दु र मुसलमान उत्तिकै महफ्वपूर्ण दुबैलाई गर्ने व्यबहार उस्तै थियो । धर्मको स्थान पनि उस्तै राखेका थिए । उनलाई राम्रोसँग थियो कि जब हिन्दु र मुसलमान मिलेर एक भई बस्छन् तबसम्म वरपरका न त हिन्दु न त मुलमान राज्यले केही गर्न सक्थे । दुबै धर्म एक भएकाले पनि राज्य बलियो बनेको थियो । तर त्यहाँका आत्मीय मुसलमान सभासदहरू राजसभामा उपस्थित हिन्दुलाई घृणा गर्थे । त्यस राज्यको मन्त्री भने गोपाल कुमार हिन्दु थिए । उसको बुद्धिमता र विद्धताको कदर सबै दरबारियाहरू मुक्तकण्ठले प्रशंसा गदर्थे । उसको बढ्दो ईज्जत र व्यक्तित्व देखेर सबै मुसलमान सभादस्यहरूलाई खड्किरहन्थ्यो ।

एकदिनको कुरा हो राजा आफ्ना प्रिय मुसलमान हजाम अजर कहाँ कपाल काट्न बसे र आफ्ना मरेका आमाबुबाको गुनासो गर्दै आफैं भन्न थाले कि उहाँहरूलाई के कसो छ ? सुख सुविधा कस्तो होला भनी भन्न थाले । कपाल काट्दै अजरले मौकाको फाइदा उठाएर मन्त्रीलाई फसाउने यो जस्तो अर्को राम्रो समय आउन सक्दैन भनी उसले आफूसँग एउटा उपाए छ भन्यो । पहिले मेरो हजुरबाले भन्नुभएको यदि कुनै शाहसी, बुद्धिमानी व्यक्तिलाई यज्ञ गरेर त्यसलाई परालको बिचमा राखेर आगो लगाएर जलायो भने जुन आत्मामा पठाउन मन छ त्यसै आत्मा भएको ठाउँमा पठाउन सकिन्छ र आत्मालाई भेटेर पुन : फर्केर आउन पनि सकिन्छ रे ! भन्यो । त्यस राज्यको सबैभन्दा बुद्धिमान व्यक्ति त मन्त्री नै थियो त्यसैले राजा मन्त्री कहाँ गई सबै बेलीविस्तार गरे र अन्त्यमा तिमी नै मेरो आमाबाको हालचाल हेरी सोधी आऊ है भनी आदेश दिए । गोपाल पनि लड्तरे मान्छे नभएकाले उसले दिमाग लगायो र पक्कै यो चाल अजरले मलाई मार्न वा हटाउनका लागि गरेको हुनसक्छ भनी सोच्यो तर राजाका सामू जो हुकुम महाराज भन्यो । उसले आफूलाई एक हप्ताको समय दिन आग्रह गरे । राजाले पनि उसलाई आज्ञा दिए । त्यसपछिमन्त्री दिन दिनै सोच्न थाल्यो । सर्वप्रथम उनले पाँच छ वर्षसम्म पुग्ने रासन पानी घरमा लग्यो । उता भने राजाले आफ्ना सैनिकहरूलाई भनेर यज्ञको तयारीमा लागे । ठुलो खेतका बिचमा

परालको गोलो घेरा बनाउन लगाए । एक हप्ताको समय पनि सक्न आट्यो । गोपाल बेलुकी त्यस ठाउँमा गएर परालको बिचमा राखिएको ठाउँबाट आफ्नो घरसम्म खनेर सुरुङ बनायो र माथिपट्टि परालले छोपिदियो । यज्ञ गर्ने दिन आयो राजाले आफ्नो सैनिकलाई गोपाललाई यज्ञमा ल्याउन भने । तर गोपाल पहिले नै त्यहाँ हाजिर थियो । ठुला ठुला ऋषिहरू पनि त्यस यज्ञमा बसे र राजा पनि बसे ।गोपाललाई परालको बिचमा राखी आगो लगाए । परालको आगो धेरै फैलिएर बलेकोले सबै अलि टाढा बसेकाले त्यसै मौकामा मन्त्री घरसम्म गयो । ऊ पाँच वर्षसम्म बाहिर नआई घरमै लुकी कसैले थाहा नपाउने गरी बस्यो । पाँच वर्षपछि ऊ फेरि राजाकहाँ पुग्यो । उसले कपाल र नङ लामा लामा भएर जङ्गली झैँ चिन्न नसकिने अवस्थामा थियो । उसले राजालाई आफ्नो परिचय दियो । ऊ गोपाल नै हो भनेर थाहा पाउने वित्तिकै राजाले आफ्नो आमाबाको हालखबर र सुख सुविधा कस्तो छ भनेर सोधे । अरु सुविधाहरूको त चिन्ता लिनु पर्दैन । यहाँभन्दा पनि आनन्द र सुख छ तर तपाईँ मेरो हालत हेर्नु न , त्यहाँ कपाल काट्ने मान्छे चाहिँ नभएर हैरान भएको छ । बरु मभन्दा पनि कपाल काट्ने मान्छे एक जना पठाई दिएको भए राम्रो हुने थियो भनी गोपालले बतायो । गोपालको कुरा सुनेर त्यहीँ अजरलाई पठाउने निधो गरी पहिलाको झैँ यज्ञ गर्न तयारी गरी अजरलाई सबै कुरा बताए तब आफूले खनेको खाल्टोमा आफैँ परेको अनुभव अजरलाई भयो । ऊ नराम्ररी फस्यो । पहिला गरेको कुरा झुठो हो भन्न पनि सकेन र अहिले नमान्न पनि मिलेन ऊ जसै गरी पनि मर्ने नै भयो फेरि ऊ आफैँ छक्क थियो कि गोपाल कसरी जिउँदै आयो । तर ऊ गोपाल जस्तो चलाख पनि त थिएन त्यसैले त्यसै यज्ञमा राखी आगो लगाउँदा ऊ जलेर मऱ्यो ।

**स्रोत व्यक्ति : सीता तिमिल्सिना**

**वर्ष : ३९**

**ठेगाना :चाँ.न.-३ भक्तपुर**

## ३.१० मिहिनेतको फल

धेरै पहिलाको कुरा हो । कुनै रिक नाम गरेको गाउँमा रिकेश नाम गरेको एउटा किसान थियो र उसकी बुढी रिना नाम गरेकी थिईन् । उनीहरू दवै निकै गरिब थिए । गाउँका सबै मानिसहरू धनीखालका थिए । त्यो गाउँका सबै धनि मानिसले उनीहरू गरिब भएको देख्दा धेरै घृणा गर्थे । उनीहरू यस्तै अपहेलना सहेर बसेका थिए । यस्तो पिडाले गर्दा कसरी धनी बन्ने होला भन्ने विषयमा खोजी यहाँ सबैका घर रङ लगाएका पक्की घर हेर्दा चटक्क परेका थिए भने उनीहरूको घर चाहिँ बाँसले बारेर झुपडीमा बसेका थिए । रिना सधैँ भन्ने गर्थी हामीहरूलाई सबैले हेपे पनि हामी भने बिहान बेलुकाको छाक टार्ने काम गर्छौं । तर रिकेश पनि हो हामीलाई हेप्ने मानिसले पछि गएर हामीभन्दा पनि धेरै दुःख पाउने छन् अहिले हामीले धैर्य गर्नुपर्छ अरुको लोभ गर्नु हुँन्न र आफू धनी भयौँ भन्दैमा अरुलाई हेप्नु हुँदैन । यसको फल कुनै न कुनै दिन पक्कै पाउने छन् । त्यसैले हामीले उनीहरूका अगाडि मिहिनेत गरी खेतीपाती गरेर जीवन बिताउने निधो गरी बस्थे ।

एकदिनको कुरा हो । त्यो रिक नाम गरेको गाउँमा ठुलो मान्छेको स्वरूप भएको सर्प आयो र त्यो गाउँका धनी मानिसहरू सबै मिलेर यो सर्प हो यसले हामीलाई मार्छ । यो हामीलाई मार्न भनी यस्तो नराम्रो स्वरूप लिई आएको हो भन्दै सबै धनी मान्छेहरू मिली मार्नुपर्छ भनेर सभा बसे र त्यो सर्पलाई बिचमा राखी सबैले घेरा हाले । त्यो मान्छेको जस्तो स्वरूप भएको सर्पले कृपया मलाई यसरी नघेर म तपाईंहरूको गाउँ हेर्न आएको हु । मलाई मार्ने कोसिस नगर भनेर सर्पले भन्यो । त्यतिभन्दा पनि ती धनी मानिसहरूले नपत्याएर सबैले त्यो सर्पलाई पिट्न थाले । यो त भनेको मात्र हो ।यसलाई यो सुन्दर गाउँमा बस्न दिनु हुँदैन यसलाई त मार्नै पर्छ भनी झन पिट्न थाले । त्यतिबेलै रिकेश र रिना आइपुगे । उनीहरूलाई कसैले मन नपराए पनि कसलाई किन कुटेको होला भनी हेर्न आउँदा त्यस्तो अनौठो सर्प देखी यो साधारण खालको सर्प पक्कै होइन त्यसैले उनीहरू यसलाई जसरी पनि बचाउनु पर्छ भनी साहस गरी सबैको अगाडि यसलाई नमार्नुस् । यो हाम्रो गाउँको लागि भाग्यमानी पनि हुन सक्छ भन्दा पनि ती व्यक्तिहरूले हान्न छोडेनन् बरु उल्टै तिमीहरू बिचमा किन बोल्न आएका आफ्नो बाटो लाग भनी गाली गर्दा पनि रिना नडराई त्यसलाई बचाउनतिर लागिन् र जसोतसो छुटाई आफ्नो झुप्रो घरतिर डोऱ्याउँदै लगिन् । र त्यस सर्परूपी मान्छेलाई त्यस गाउँका धनीले आफूलाई गरेका सबै व्यवहारको कुरा बताए । त्यसको

एकछिन पछि सर्परूपी मानिस एक्कासी बिलायो । यो देखि त्यसलाई खोज्न जाँदा ढोकामा एउटा चम्किलो वस्तु देखे । त्यो लिएर हेर्दा त मणि पो रहेछ र झटपट्ट लगी धानको भकारीमा लुकाए । मणिका प्रभावले उनीहरूले जे माग्यो त्यही पाउने हुनाले धनी भई आनन्दले बसे । अब त उनीहरूलाई हेप्ने मानिसहरू विस्तारै बदलिदै गए हेप्न पनि छाडे । रिता र रिकेश झैँ मिहिनेत गर्ने र असल बानीले गरिब भए नि नआत्तिने गर्दा आफ्नो कर्मको फल अवश्य पाउन सकिने कुरा यस कथाबाट बुझ्न सकिन्छ ।

**स्रोत व्यक्ति : सानुभाइ गिरी**

**वर्ष :७२**

**ठेगाना : ठुलीगाउँ चाँ.न.-३ भक्तपुर**

## ३.११बाखाको कथा

एकादेशमा एउटा गाउँ थियो । त्यस गाउँमा एकजना किसानको परिवारमा आमा छोरी सुन्तली र बुबा बस्थे । आमाले छोरीलाई असाध्यै माया गर्थिन, सधैँ राम्रो बानी सिकाउने गर्थिन् । छोरी पनि आमा जस्तै दयालु, मिजासिलो र सहयोगी थिइन् । एकदिन बिरामी परिन् त्यतिबेला उनले जहिल्यै पनि म मरेभने तिमी यो घरको बुढी बाखोको ख्याल गर्नु सबैलाई राम्रो व्यवहार गर्नु, छुच्ची नहुनु भन्थिन् । एक्कासी उनकी आमा परलोक भइन् । बुबाले अर्को बिहे गरे पहिला पहिला त उनले माया नै गरिन् तर पछि त सुन्तलीलाई गाली मात्र गर्ने हप्काउने, दुःख दिने गर्थिन् बुबालाई पनि अनेक नभएका कुरा लगाईदिएर पिटाई मात्र खुवाउँथिन् । सौतेनी आमाको यस्तो व्यवहार गाउँमा पनि सबैले थाहा पाएका थिए । पछि उनले छोरी पाएपछि झन् हेला गर्ने सिमा रहेन । अब खाना पनि राम्रोसँग खान नदिने पिट्ने गर्थिन् उनका आफ्ना बुबा पनि सातेनी भइसकेका थिए त्यसैले जहिल्यै आफ्ना दुःखको कुरा त्यसै बुढी बाखोसँग पोख्थिन् र बाखालाई साह्रै दया लाग्यो र भोलिदेखि तिमी मलाई चराउन जङ्गलतिर लैजाऊ तिमीलाई सहयोग गर्छु भन्यो । नभन्दै बिहान केही खान नदिई बाखा चराउन भनी जाऊ भनिन् । उनी पनि खुसी हुँदै गइन् जङ्गलमा पुगेपछि कोही नभएका ठाउँमा सुन्तलीलाई बोलाएर बाखाले तिमीलाई जे खान मन लाग्छ मलाई भन म तिमीलाई दिन्छु भन्यो । पहिला त उनी छक्क परिन् पछि उनीले मलाई जेरी खान मन लाग्यो भन्दा त्यस बाखाले ओकालिदियो । उनी दङ्ग पर्दै आमाले भनेका कुरा सम्झँदै रुन थालिन् । त्यो बाखा मान्छे जस्तै बोल्थ्यो । त्यसैले यस्तो कुरा तिम्रो घरको कसैलाई पनि नभन भन्यो । यस्तैगरि दिन बित्तै गयो सातेनी आमालाई भने आफ्नी छोरीलाई कति राम्रो मिठो खान दिए नि दुब्ली थिइन् भने सौताकी छोरी चाहिँ खान नदिँदा, काममात्र लगाउँदा पनि दिन दिनै राम्री स्वास्थ माटी हुँदै गएकीले के खान्छे होली भनी चियो गर्नका लागि आफ्नी छोरीलाई जहाँ गए नि सँगै जानु भनिन् । बहिनी पनि आमा जस्तै छुच्ची कुराउटे थिई । दिदीलाई त्यति मन पराउँदैनथी । त्यसै दिन सुन्तली बाखा चराउँन जाँदा बहिनी पछि लागिहाली जति फकाए पनि मानिन् लिएरै जानुपऱ्यो । उता बाखाले खानेकुरा ओकल्ने बेला भएको थियो । त्यसैले बहिनीलाई धेरै फकाएर कसैलाई नभन भनी बहिनीको दया मायाले गर्दा झन् मिठो मिठो खानेकुरा मागेर टन्न खान दिई । बहिनी भने कुराउटे भएकाले खान दिएको चिज अलि अलि नङमा लुकाएर आमालाई सुटुक्क दिई र राति सुत्नेबेलामा सबै कुरा लगाई । सौतेनी आमा न हो अब उनलाई कसरी त्यस बाखालाई मार्ने

भनी रातभर युक्ति निकाल्न खोजिन् बिहान उठ्ना साथ आफूलाई मुटु दुख्यो भनी धामीका जाँदा घरको बुढो बाखा काटेर कलेजो फोक्सो भुटेर खाए सन्चो हने कुरा बताई रोई कराई गरी काट्नै पर्ने बनाइन् उता बाखा काट्ने कुरो सुन्दा सुन्तलीलाई धेरै दुःख लागी रुन लागिन् । बुबालाई बाखा नकाट्न धेरै रोइन् तर उनले काट्नै पर्ने भो भन्ने कुरा बताए । राति सबै सुतेपछि सुन्तली बाखालाई भेट्न जाँदा बाखा खोरमा रुँदै बसेको रहेछ उनी पनि धेरै रोइन् । बाखाले भन्यो तिमी नरोऊ यो सबै तिम्री बहिनीले कुरा लगाएर मलाई मार्ने बहाना मात्र हो सबैले मेरो मासु खाए पनि तिमी नखाऊ पछि सबैले खाएको हड्डी अगाडि बारीमा रोप है भनिन् । भोलिपल्ट बिहानै बाखा काँटे सबैले खाए सुन्तलीले भने खाइन् । आमा बहिनी साह्रै खुसी थिए । बाखालाई मार्न सफल भइयो भनेर अब के खान्छे ? हेरौला भनी हाँस्दै थिए । सुन्तलीले पनि सबै घरधन्दा सिध्याएर हाड जति थुपारेर अगाडि बारीमा रोपिन् र बाखाले भने झैँ दिन कै पानी हालिन् केही दिन मै अचम्मै भयो त्यहाँ सुन्तलाको बोट उम्रियो र समय बित्दै जाँदा टन्न सुन्तला पनि फले । सौतेनी आमाले खान नदिए पनि तिनै फलफुल खाई पेट भर्थिन् । सौतेनी आमा र छोरी भने उनलाई देखिसहदैनथे । एकदिनको कुरा हो दिउँसोको बाह्र बजेतिर उनी घरमा एक्लै थिइन् । सुन्तला टिपेर खाँदै थिइन् ।जोगीको भेषमा बुढा बुढी आए । उनीहरूले सुन्तलीलाई एक्लै देखेर लैजाने सुरमा हामीलाई नि सुन्तला देऊ भनी मागे उनी सोझी र दयालु थिइन् त्यसैले उनीहरूले भनेका सुन्तला टिपी खुवाइन् । त्यतिकैमा जानी जानी सुकेको हाँगामा टेक्न लगाई उनी लडि्न र धोक्रामा हाली टाढा जङ्गलको बिचमा लगे । होस आउँदा उनी तिनै बुढा बुढीको घरमा थिइन उठेको देखेर धेरै माया गरे के खान्छौ ? भनी सोधे तर उनी घर जानी भनी रुन थालिन् । तर उनीहरूले तिमी रोटी पकाऊ आज राति भयो । भोलि हामी लग्दिने छौ भने सोझी सुन्तली रोटी पकाउन लागी राति भइसकेकाले मुसा यताउता दुःख दिँदै थिए । उनी धपाउँदै थिइन् त्यति नै बेला एकदमै मिठो स्वरमा सानो मुसा आई भन्यो दिदी मलाई एउटा रोटी दिनु न म तपाईंलाई एउटा कुरा भन्छु, उनी दयालु भएकीले एउटा तातो रोटी दिइन् र मुसाले पनि यी बुढा, बुढी जोगी होइनन् यी त राक्षस राक्षसनी हुन् नपत्ताए भित्रको कोठामा हेर्नुभन्दा साच्चै मान्छेका टाउका राखेका रहेछन् । उनलाई मार्नका लागि तरबार उदाउँदै रहेछन् यो देख्नेबित्तिकै डराइन् तर मुसाले तपाईंलाई यहाँबाट भाग्न सहयोग गर्छु भन्यो र रोटीको टुक्रा टुक्रा फाल्दै जान्छु त्यो हेर्दै तिमी दुलोबाट आउनु भन्यो । उनीले पनि त्यसै गरिन् र जाँदा जाँदा हिरा, सुन, चाँदी र मोती भएको ठाउँमा पगिन् र मुसाले भने झैँ जति सकेको बहुमूल्य वस्तु लिई त्यहाँबाट आफ्नो घर आइन् । घरमा त्यतिका पैँसा धन देखेर सौतेनी आमाले पनि माया

गर्न थालिन् । सबै कुरा सोधिन् र मन मनै आफ्नी छोरीलाई समेत त्यसैगरी पठाउन पाए धेरै धनी होइन्थ्यो भनी मनमा लोभ पस्यो । भोलिदेखि छोरीलाई त्यसै गरी सुन्तलाको बोटमा बस्न लगाइन् र मान्छे खान पल्केका राक्षस राक्षसनी त्यसै गरी आए र लगे पनि तर उनी भने सुन्तली जस्ती दयालु भने थिइन् छुच्ची थिई । सबै कुरा त सुनी सुन्तलीको तर बानी व्यवहार भने कसैले भन्दैमा कहाँ बदलिन्थ्यो र ! राति त्यसैगरी रोटी पकाउँदा पहिला कै मुसा रोटी माग्दै आयो तर उनी छुच्ची भएकीले कहाँ रोटी दिनु उल्टो तातो चिम्टाले हानी र मुसा भाग्यो । त्यसपछि रोटी पाकेपछि सबैले मिली खाए । उता राक्षस राक्षसनीले भने उसलाई मार्न सबै समाग्री ठिक पारेका थिए र राति सँगै बिचमा सुताए । अलि अलि गरी भाग्न नदिई काटेर मारी रमाई रमाई खाए । घरमा भने आमा चाहिँ छोरीले सम्पत्ति लिएर आउँली भनी हेरेर बसिन् धेरै दिनसम्म नआएपछि खोज्न जाँदा जङ्गलको बिचमा उसको हाड लुगा भेट्टाए र बुबा, आमा सुन्तली धेरै, रोए । तर ढिला भईसकेकाले उनी त बाँचिनन् । त्यसपछि पश्चाताप भएर सोतेनी आमाले पनि सुन्तलीलाई माया गरिन् र आफ्नै छोरीलाई झैँ व्यवहार गर्न थालि्न । जसले जस्तो व्यवहार गर्छ त्यस्तै फल पाउँछ भने झैँ सौतेनी आमाको नराम्रो कामको फल आफ्नी छोरी घुमाएर पाइन् ।

**स्रोत व्यक्ति : ईश्वरी गिरी**

**वर्ष : ३६**

**ठेगाना : ठुलीगाउँचाँ.न.-३ भक्तपुर**

## ३.१२सासू बुहारीको कथा

एउटा गाउँमा क्षेत्री, बाहुनको सानो बस्ती थियो त्यहाँ एउटा परिवारमा सासू, ससुरा, छोरा, बुहारी बस्थे । त्यस घरमा सासू बुहारी भने कहिल्यै मिल्दैनथे । सधैँ सानो सानो कुरामा झगडा मात्र गर्थे । न त सासू उस्ती न बुहारी छुट्याउन गाह्रो थियो । बिहानको पूजा पाठको समय देखि साँझको आरतीसम्म कुनै न कुनै मतभेद वा जित्नै पर्ने बानीले झैँझगडा भने नभएको दिनै थिएन । यसरी नै त्यस गाउँका सबैलाई यो कुरा थाहा हुँदै थियो । बुहारीलाई आफूले जति राम्रो गरे नि यो बुढीया देखिसहन्न भन्ने खिन्नता रहिरहन्थ्यो भने सासूलाई नि यो बुहारी कहीँ नभाकी छुच्ची, चण्डाल्नी हो यो आएदेखि मेरो घर बिग्रियो, यो त कतै गईदिए नि हुने थियो भनी भित्र भित्रै भुतभुताउँथी । बुहारी नि के कम थिई र यो बुढी मरिहाले नि आनन्द हुन्थ्यो अनि मैले सुख पाउँथे भनिरहन्थी । यस्तैगरी उनीहरूको परिवार चल्दै थियो । अब सासूको व्यवहारलाई सहनै नसक्ने हुनाले बुहारी केही दिनका लागि अर्को गाउँमा रहेको उनको माइत जाने विचार गरी बिहानै घरबाट हिँडिन् । सासू भने के गरुन् छोरालाई मन परेपछि छोराको लागी पनि उनी केही गर्न सक्दैनथिइन् । बुहारी हिँडेर बेलुका माइत पुगिन् । उनका माइती खलक भलाद्मी नै थिए । बुबा भने ठुला नाम चलेका वैद्य नै थिए । सबै जना अनेक समस्या लिएर त्यहाँ आउँथे । अहिलेसम्म सबैलाई ठिक पनि हुन्थ्यो । उनी माइतीमा धेरै दिन बसिसकेकी थिइन् घरमा झगडा गरेर आएकी होलिन् भन्नु कुनै नयाँ कुरा थिएन तर यसपाली उनी बसेकी बेलामा एकजनाले बिष खाएर उपचार गर्न आएको थियो । उसलाई पनि ठिक पारेर पठाए । त्यतिबेलै उनको मनमा एउटा पाप जाग्यो र भनिन् अब म घर जाँदै जान्न तर एउटा सर्तमा भने म जान्छु भनी । माइती घरका बुबा भने छक्क परे । के हो ? भनी सोधे तब उनले म मेरो सासूको कारणले घरमा बस्न सक्दिनँ त्यसैले मेरो सासूलाई खुवाउन विष दिनु उनले थाहा नपाउने गरी खुवाएर मार्छु भनेर जिद्दी गरिन् बुबा आमाले धेरै सम्झाए तर उनले मानिनन् । छोरी ढिप्पीको अगाडि बुबाको केही लागेन । उनले पनि एउटा सर्त राखेर भने की म त्यस्तो औषधी त दिन्छु तर तिमीले यो औषधी खुवाउनजेल सधैँ सासूलाई साजी ताजा खाना समय मै माया गरेर खान दिनुपर्छ । हरेक दिन बिहान बेलुका एक एक चम्चा खानामा मिसाएर एक महिना खाएपछि तेरी सासू मर्ने छिन् । तर तिमीले औषधी खाँदासम्म सासूलाई राम्रो व्यवहार गर्नुपर्छ भने उनी पनि खुसी हुँदै अब केही दिनमा सासू मरीहाल्छिन् भनी घर गइन् । बुहारी माइतीबाट फर्केदेखि झगडा पनि नगर्ने खाना पनि राम्रोसँग खुवाएको देखेर म नै उस्तै रहेछु

क्यार ! मेरी बुहारी जस्ती त कोही छैन भनी सबैसँग कुरा गर्दै हिँड्छिन् । बुहारीले राम्रो व्यवहार गर्दै जाँदा सासू मात्र के कराइरहन्थिन् उनी पनि माया गरी बोल्छिन् एकाएक घरको वातावरण परिर्वतन भएकाले गाउँले घरका परिवार सबै छक्क पर्छन् । सासू पनि झन पो माया लाग्दी हुन्छिन् । विस्तारै बुहारीको मनको रिस मर्दै जान्छ । अब त उनलाई सासू मर्छिन् भनेर पिर पो लाग्छ । त्यसैले एक महिना पुग्न तिन चार दिन बाँकी हुँदा रुँदै माइत जान्छिन् र बुबालाई मेरो सासूलाई नमर्ने औषधी दिनुस् मेरी सासू साह्रै जाती पो रहिछन् त्यो त मैले नि नराम्रो व्यवहार गरेर रहेछ भन्छिन् त्यतिबेला बुबा भने मरीमरी हाँस्छन् र भन्छन् की त्यो त मैले खाना पचाउने औषधी दिएको थिए । यो कुरा त मलाई पहिल्यै थाहा थियो की हामीले अरुलाई जस्तो व्यवहार गऱ्यो हामीले पनि त्यस्तै व्यवहार पाइन्छ भनेर भन्छन् र उनी घर जान्छिन् सधैं मिलेर बस्छिन् ।

**स्रोत व्यक्ति : बिमला कार्की**

**वर्ष : २९**

**ठेगाना : माख्लो खरिपाटीचाँ.न.-३ भक्तपुर**

## ३.१३.पाको मान्छे

एकादेशमा एउटा देश थियो त्यस देशका राजा अनौठा थिए । उनी आफ्नो राज्यमा खुब प्रगति गर्न चाहन्थे । संसारका देशहरूमा हरेक कुरामा अगाडि बढाउन चाहन्थे । कुनै पनि देश विकासका लागी त्यस देशका जनताको ठुलो भूमिका रहने, विशेष गरी युवाहरूको कारणले नै देशको प्रगति हुने तर साठी वर्ष पुगेका बुढाबुढी भने काम नलाग्ने हुनाले उनी आफ्ना राज्यमा त्यस्ता कोही पनि बुढापाकाको लागि पालेर राख्नु व्यर्थ हो भनी सत्तरी वर्ष हुनासाथ सबै जनताले आफ्ना बाआमालाई कठोर भई जङ्गलमा छोड्नुपर्ने थियो । यो त्यस राज्यको सबैभन्दा कडा कानून थियो । कसैले यसको अवज्ञा गरे देश निकाला नै हुनुपर्ने वा अझ कडा दण्ड भोग्नुपर्ने थियो । यसै गरी एकजना छोराले आफ्ना बालाई सत्तरी वर्ष पुगेकाले जङ्गलमा छोड्ने बेला भएकाले आफूलाई औधी माया लागेपनि देशको नियममा चल्नुपर्ने हुनाले बाध्य भएर धेरै पर डोकोमा बोकर जङ्गलमा छो्डन गए । र फर्कनेबेलामा त बाले तिमी अब घर जाऊ । तिमी घर जाँदा बाटोमा अल्मलिन्छौ होला त्यसैले तिमी थाहा पाएनौ डोकोमा बोकेका बेलामा मैले दुईवटा बाटा भएका ठाउँमा हरियो पात टिपी खसालीदिएको छु हेर्दे जाऊ भने त्यो सुन्नासाथ छोरो चाहिँ रुन थाल्यो र उसले बालाई छोड्न सकेन र रात परेपछि फेरि कसैले नदेख्ने गरी फिर्ता ल्याई कसैले थाहा नपाउने गरी भकारीमा लुकाएर राख्यो । यसरी दिन बित्दै गयो । एकदिनको कुरा हो त्यस देशको राजाले आफ्ना देशमा मान्छेहरू कत्तिका बुद्धिमान रहेछन् भनी जाँच गर्नाका लागि तिनवटा कुरा कसले गर्न सक्छ ? भनेर सर्त राखे । पहिलो खरानीको डोरी बाट्नु, दोस्रो नबजाई बज्ने बाजा बनाउनुपर्ने, तेस्रो भने वाङ्गो काठमा धागो छिराउनु । यसरी यो कुरा राजाका सिपाहीहरूले सबैतिर ढोलकी बजाउँदै गए । सबैले अनेक कोसिस गरे तर सकेनन् । यो कुरा फेरि त्यस बुबालाई लुकाउने युवाले सुन्यो र बेलुका आफ्ना बुबालाई सबै कुरा बतायो । तब ति बुबाले म यी कुराको निचोड निकाल्न सक्छु भने र छोरालाई सबै कुरा बताए । छोराले यी तिनै कुरा बनाएर लग्यो । यो देखेर सबै दङ्ग परे र कसरी भनी राजाले सोध्दा  खरानीको डोरी बाट्नका लागि डोरीमा पहिला तेल वा घिउ मजाले दलेर बाल्नाले डोरी जस्तो छ त्यस्तै खरानी बनी बस्छ । दोस्रो नबजाई बज्ने बाजा बनाउनका लागि कागजको डमरु बनाउने र त्यस भित्र माहुरी वा अरिङ्गाल राखेर बन्द गरेपछि त्यो यताउता निस्कन खोजी कराउँदा आफैँ बाजा बज्छ । तेस्रो बाङ्गो काठमा धागो छिराउँनाको लागि काठको एकापट्टि केही चिनी राखिदिने र अर्कोपट्टि कमिलालाई धागो बाँध्ने कमिला बिस्तारै

चिनी खान भनी जाँदा धागो अर्को छेऊमा पुग्छ भनी देखाए । यस्तो कुरा त्यस्तो केटो गरेको देखेर राजा छक्क परे यो कुरा त मलाई पनि थाहा थिएन पक्कै तिमीलाई कसैले सिकाएको हुनुपर्छ भनी सोधे तर जति सोधे पनि उनले आफ्ना बुबाले भनेको भन्न नमिलेकाले उसले मैले नै आफै दिमाग लगाए भन्यो तर सभाका कसैले पत्ताएनन् । धेरै जोड गर्दा केही सिप नलागेपछि बाध्य भएर मैले मेरो बुबालाई जङ्गलमा छोड्न सकिन भकारीमा लुकाई राखेको छु उहाँले नै बुद्धि लगाउनु भएको हो भनी मैले तपाईंको नियम तोडेको छु मारे पाप पाले पुन्य भने पछि राजाको आँखा खुले की बुढा भएर बल नभए पनि अनुभवले गर्दा बलले गर्न नसकेको काम पनि अनुभवले गर्न सकिने रहेछ भनी त्यस दिनदेखि हाम्रा बाआमा बुढो भएपछि पनि हामीसँगै आजसम्म बसिरहेका छन् । राजाले पनि आमाबालाई जङ्गल छोड्ने परम्पराको अन्त्य गरे । त्यस दिनदेखि पाको मान्छेको महफ्व सबैले बुझ्न थाले ।

**स्रोत व्यक्ति : तिलकबहादुर भण्डारी**

**वर्ष :७८**

**ठेगाना : बाँसघारी,चाँ.न.-३ भक्तपुर**

## ३.१४भावीले लेखेका कुरा

एकादेशमा एक जना राजा थिए । उनी शिकार मात्र गर्न बढी रुचाउँथे । एकदिनको कुरा हो राजा आफ्ना सिपाहीरूलाई लिई शिकार गर्न भनी जङ्गलतिर गए । शिकारको पछि लाग्दा लाग्दै कोहि कता कोहि भए राजा पनि एक्लै परेछन् । रात पनि झमक्कै परेकाले अब कहाँ रात बस्ने दरबार जान धेरै समय लाग्ने हुनाले यताउता हेर्न थाले जङ्गलमै बसे बाघ भालुको डर हुने हुनाले कतै घर पो छन् की भनेर हेर्दा जङ्गल कै केही पर एउटा झुप्रो घरमा बत्ति बलेको देखे र त्यहीँ बास माग्न भनी गए । त्यो घर एकजना सार्कीको रहेछ फेरि उसकी श्रीमतीले छोरा पाएको पाँचौ दिन रहेछ त्यसैले राजा भित्र नगई बाहिरै बस्ने बिचारले एउटा गुन्द्री मागी ढोकाको अगाडि नै सुत्छु भने । सार्की केही अप्ठ्यारो लागेर के खानुहुन्छ भने सोध्दा केही नखाने भने पछि सबैजना सुते । रात छिप्पिदै गयो कसैले बाटो छोड् बाटो छोड् भनेर कराएको सुनी राजा ब्यूझे । को हो तिमी ? यति राति के गर्न आयौ ? भने उसले आफू भावी भएकाले आज छैठौँ दिन भएकाले सार्कीको छोरोको भाग्य लेख्न आए भने राजाले आफू राजा भएकाले अलि हप्काए झैँ गरी उसोभए के लेख्छस् भन्न त भने तर उसले भने मैले नलेखिकन के भन्नु लेखेपछि भन्छु अहिले मलाई जान देऊ भने राजाले भित्र जान दिए । केही बेरपछि भावी फर्केर आए । उनले सोध्दा यो सार्कीको छोरो बाह्र वर्षको हुँदा विवाहको लागि कुरा आओस् र विवाहका दिन चदुँवा बाघ आई खाओस् भनेर लेखे भने राजा छक्क परे किन यस्तो लेखिस् भन्दा लेखी त हाले भन्यो । भावी आफ्नो बाटो लागे । बिहान भयो राजाले बस्न दिएकोमा सार्कीलाई धन्यवाद दिए र जानेबेलामा तेरो छोरो विवाहमा मलाई पनि निम्तो पठाएस् भनी हिँडे । उता दिन बित्दै गए राजालाई भने त्यस्ता नाथे भावीले लेख्दैमा हुन्छ । म पूरै पहरा दिन आउँछु हेरौँन कहाँबाट आउँदो रहेछ भन्ने कूरा सोच्थे । यस्तै गरी सार्कीको छोरो बाह्र वर्ष लाग्यो नभन्दै विवाहका लागि केटी दिन आए । सार्कीले नि हुन्छ भनी विवाहको तयारी गर्न थाल्यो । विवाहका अघिल्लो दिन पो निम्तो कसैलाई दिन बिर्से की भनी हेर्दा झल्याँस्स राजाका कुरा याद आयो र राति नै राजालाई भेट्न भनी दरबार आए र राजालाई कसरी म सार्कीको घरको कार्यमा डाकु भनी असहज मानी मानी त्यो जङ्गलमा घर भएको सार्की हो । तपाईंले जसरी नि मेरो छोरोको बिहेमा डाक्नु भनेकाले भोलि छोराको विहे छ आउनुस् भन्न आए । यो सुनेर राजा छक्क परे की कत्ति छिटो बाह्र वर्ष भएछ भनी ल तिमी जाऊ म भोलि आउनेछु भने । भोलिपल्ट बिहानदेखि चौबिस पल्टन ठिक पारे र राजा समेत भई सार्कीका घरमा गए ।

एउटा साधारण सार्कीको छोरोको विवाहमा यतिका सिपाही लिई आएको देखेर सबै दङ्ग परे । खानेकुरा त के खान्थे र ! विवाह राम्रोसँग हुँदै थियो । सिन्दुर राख्ने बेला भयो एकपटक त सिन्दुर राखेको  सबैले देखे तर अर्को पल्ट राख्न खोज्दा एक्कासी के आयो बेहुला त गाएब भयो वरिपरि यत्तिका पल्टन राखेर सुरक्षा दिएका राजा र अरु सबै छक्क परे । कहाँ के भयो ? थाहा भएन । सार्कीका परिवार सबै रुवाबासी गर्न थाले । तब राजाले सबैलाई राखी भने की यो सार्कीको छोरो जन्मेको छैठौँ दिनमा म बास बस्न आएको थिएँ भावीले उसको भाग्य लेख्न आएँ भन्दा के लेखिस् त भनेर सोध्दा यो छोरो बाह्र वर्ष हुँदा यसको विवाहको कुरो आउँछ र त्यसै दिन विवाह सम्पन्न नभईकन उसको मृत्यु चदुँवा बाघले खाओस्  भनेर लेखेका थिए । मैले पनि त्यो नाथे भावीले लेख्दैमा कहाँ हुन्छ  र ! म आफैँ सुरक्षा दिएर विवाह सम्पन्न गर्छु भन्ने सोचेर यतिका सिपाही लिई तिम्रो छोरोलाई बचाउन आएँ आखिरमा भावीले छैठौँमा लेखेको कुरा त कसैले बदल्न सक्दैन रहेछ भने । यसरी हिन्दु परम्परा अनुसार कोही पनि जन्मेको छैठौँ दिनमा भावी आई उसको भाग्य लेख्छन् र त्यही नै हुँदै जान्छ भन्ने जनविश्वास रहेको छ ।

**स्रोत व्यक्ति : उपेन्द्र ढकाल**

**वर्ष :७४**

**ठेगाना : खरिपाटी चाँ.न.-३ भक्तपुर**

चौथो परिच्छेद

# भक्तपुर वागेश्वरी क्षेत्रमा सङ्कलित लोककथाको वर्गीकरण र विश्लेषण

## ४.१ सङ्कलित लोककथाहरूको वर्गीकरण

## ४.२ मानिस र पशुपंक्षीसम्बन्धी लोककथा

(१)काम

(२) लक्षिण

(३)कागको कथा

## ४.३ सामाजिक लोककथासम्बन्धी लोककथा

(१)किसान परिवारको कथा

(२)सासूबुहारीको कथा

(३)अनौठा राजा

(४)मिहिनेतको फल

(५)चलाख मन्त्री

(६) पाको मान्छे

## ४.४ पौराणिक लोककथासम्बन्धीलोककथा

(१)ब्राहमणको कथा

(२)भावीले लेखेका कुरा

(३)राक्षसको कथा

## ४.५ सङ्कलित मानिस र पशुपंक्षीसम्बन्धी लोककथाहरूको विश्लेषण

### १. बाखाको कथा

प्रस्तुत कथा बाखाको कथालाई मानिस र पशुपंक्षीसम्बन्धी कथामा वर्गीकरण गरिएको छ । कथामा सुन्तलीको आमा बितिसकेपछि सौतेनी आमाले हेला गरे पनि बाखाले माया गरेकाले जङ्गलमा गई जे खान मन लाग्यो त्यही ओकलेर दिने पछि यो कुरा पनि सानीआमाकी छोरीले थाहा पाएपछि अनेक जालझेल गरी बाखालाई मार्ने प्रपञ्च मिलाएर मार्छन् त्यसै बाखाले भने झैं मानेर मासु नखाई त्यसको हड्डी रोप्दा राम्रा सुन्तलाका बोट उम्रियो र फलेपछि खान लागिरहेको बेलामा भने राक्षस आई अनेक गरी झुक्याएर लिएर जाँदा पनि एउटा मुसाको सहयोग पाएर भाग्न सफल देखाइएको छ यस्ता बाखा, मुसा जस्ता मानवेत्तर प्राणीले बोलेको देखाई सुन्तली आफ्नो कर्म जस्तो छ त्यसैगरी फल नि मिठै पाएकाले बाँचेर आउन सफल भई भने उता सौताकी छोरीले धेरै सम्पत्ति ल्याएको डाडले आफ्नी छोरी पठाउँदा उनको छुच्चो स्वभावको असरले गर्दा मानिसले कर्म जस्तो गऱ्यो त्यस्तै फल पाईने हुनाले छोरी घुमाउनु परेको कुरा थाहा पाउन सकिन्छ । त्यसैले यस कथाबाट मान्छेले जस्तो कर्म त्यस्तै फल पाउने शिक्षा दिन खोजेको छ ।

### २.लक्षिण

प्रस्तुत लक्षिण कथालाई मानिस तथा पशुपंक्षी कथामा वर्गीकरण गरिएको छ । यस कथामा एक जना किसानका घरमा लक्षिण रहेको पछि त्यो लक्षिण एकजना योगीले मागेर लग्दा विस्तारै त्यस किसानको घरमा अलक्षिणको वास बस्न थालेपछि घरमा पहिलेको जस्तो केही नहुनु र अभाव गरिवी बढ्दै केही खानेकुरा समेत नभएर दुःखी हुनु बाहेक बेही उपाए नभएको तर त्यस घरको कुकुर, बिरालो र मुसालाई भने यो सबै कुरा लक्षिण नभएर हो भन्ने थाहा भएर त्यस लक्षिणको खोजीमा अनेक दःख पाउनु चिल जस्तो जङ्गली पंक्षी, माछाको पनि भूमिका पाइनु । तिनै वटा मिलेर त्यस लक्षिणको खोजि गरिनु र घर आउँदा घरका सबै सदस्य मरिसकेका यो देखी कुकुर, बिरालो र मुसा घर छोडेर हिड्न खोज्दा लक्षिण मकैको रूपमा आई बरु खानेकुरा नभए मेरो मुटु खानु तर यो घर छोडेर नजानु भनेकाले सबै मिली बस्नु । यसरी कथाको अन्त्य भएको छ ।

## ३.कागको कथा

प्रस्तुत कागको कथालाई मानिस तथा पशुपंक्षीसम्बन्धी कथामा वर्गीकरण गरिएको छ । यस कथामा हाल हाम्रा घर वरिपरि देखिने काला काला काग किन त अरुभन्दा फरक स्वर र रूप भएका होलान् सोच्नु पर्दा उत्तरमा यो एउटा पुरानो भनाई वा वागेश्वरी क्षेत्रमा प्रचलित कथाहरूमध्ये एउटा रोचक कथाका रूपमा मैले पाएँ । यस कथामा आजभोलि देखिएका विभिन्न जङ्गली, घरपालुवा जे जति चरा वा पशुपंक्षी छन् ती सबैका कथामा केही न केही भूमिका भएपनि विशेष रूपमा कागको कथामा आधारित कथा भएकाले काग कै मुख्य भूमिका रहेको कथा हो । यस कथामा कागले त्यतिबेलाको समस्या पूरा गर्नका लागि पृथ्वीमा हिउँ हटाउनका लागि पर्वतराजले दिएको आगो लिएर आउँदा उक्त आगोले पोलेर आफ्नो रूप र स्वर दुवै विग्रेर हालको अवस्थामा ईन्द्रेणी रङ्गको काग अहिलेको रूपमा आएको र यस्तो अवस्था देखेर दुःखी हुनाले उसले सधैँ अमर हुने र पूजा गर्नेसाथै कसैले पनि मारेर नखाने वरदान पाएर आजसम्म कागलाई कसैले नमार्ने स्वर पनि नराम्रो रूप पनि नराम्रो भएकाले अरु पंक्षीभन्दा बढी समय बाँच्न पनि सक्ने कुरा थाहा भएपछि काग पनि खुसी भएको कुरा बताइएको छ ।

# ४.६ सामाजिक लोककथासम्बन्धी लोककथाहरूको विश्लेषण

## १.किसान परिवारको कथा

प्रस्तुत कथा सामाजिक लोककथामा कथावस्तुअर्न्तगत गाउँले परिवेश झल्कने खालको कथामा सौताबिच परापूर्वकालदेखि हुने गरेको डाड र इर्ष्याको भाव पाइएकाले त्यसैमा सीमित भई कथाको शुरु भएको र अन्त्यमा भने काम जुनसुकै होस् ठुलो सानो हुँदैन भन्ने शिक्षा दिएको छ । सौताले आफ्नो रिस गर्ने जे भने नि उल्टो गर्ने भनेर थाहा भएकाले सधैँ मेरो छोरालाई खेतीको काम गर्न लगाउनु, सभामा कहिल्यै नपठाउनु, सधैँ तातो भात मात्र दिनु भुटेको खाना खान नदिनु भनेकाले जेठी मरेपछि भने सौताले सबै उल्टो काम गरेकाले जेठीको छोरा शिक्षित, अनि ज्ञानी बन्नु र जेठीले भनेको कुरा चाहिँ आफ्नो छोरालाई गराउनाले खेतीको मात्र काम गर्न जान्नु पछि सबैले प्रशंसा गर्दा डाडले गर्दा आफ्नो छोरालाई काम गर्न गाह्रो हुन्छ भनी खानेकुरामा भेदभाव गरेको देख्दा बाबुलाई चित्त नबुझेर एउटा परिक्षण गरी हेर्दा खेतीको काम भन्दा त पढ्न अति गाह्रो हुने कुरा प्रमाणित हुनु तर पनि सौतेनी आमाको मन त हो पछि काम नै साट्दा भने जेठीको छोराले त

जसोतसो मिहिनेत गरेर शारीरिक परिश्रम गरी काम गर्छन् तर सानो भने नपढेकाले गर्दा सभामा बोल्न नजान्नाले ठुलो पल्टने कुराले गर्दा हाम्रा बाको दाह्रीमा भँगेरले गुँड लाएछ भन्यो तर कसरी भन्दा उत्तर दिन नसक्नु, पछि दाइले नै कुराको टुङ्गो लगाएर भाइलाई ल्याएको देख्दा काम भनेको सबैको आ आफ्नो स्थानमा गाह्रै वा महफ्वपूर्ण हुन्छ । तर अरुको डाड गर्नु हुँदैन सबैले आफ्नो काम राम्रो गर्नुपर्छ भन्ने शिक्षा पाइन्छ ।

## २.सासूबुहारीको कथा

प्रस्तुत कथामा समाजमा चल्दै आएका सासू र बुहारीको सम्बन्धको बारेमा कथावस्तु रहेकाले यस कथालाई सामाजिक लोककथामा वर्गीकरण गरिएको समसामाहिक कथा हो । कथामा सासू बुहारी कहिल्यै नमिल्ने सधैं झगडा गर्ने सासू त्यस्तो की बुहारी त्यस्तो के हो भन्न नसकिने सासू र बुहारी एक अर्कालाई देखिनसहने बुहारी अब त्यस घरमा बस्नै नसक्ने भएर सासू मार्ने निधो गरी औषधी नै खुवाउने तर त्यो औषधी खुवाउनका लागि दिन दिनै राम्रो व्यवहार गर्नुपर्ने अनि मात्र औषधीले काम गर्ने कुरा भएकाले राम्रो व्यवहार गर्दै जानु र सासू नि बुहारीमा आएको परिर्वतनले गर्दा आपसेआप परिर्वतन भई झगडा हुनै छोड्नु र औषधीको मात्रा पुगेर सासू मर्ने भन्ने कुरामा दुःखी हुँदा अब कसरी मर्नबाट बचाउँ भन्दा बुहारीका बुबाले त त्यो मान्छे मर्ने औषधी नभई खाना रुचाउने र मोटाउने औषधी भन्ने कुरा बताउनु छोरी छक्क पर्नु र हामीले जस्तो व्यवहार गऱ्यो त्यस्तै अरुले आफूलाई व्यवहार गर्ने कुरा बुझ्नु र सधैं मिलेर बस्नु यसरी यस कथामा समाजमा घटिरहने घटना भएकाले यस कथालाई सामाजिक कथामा समावेश गरिएको हो ।

## ३. अनौठा राजा

प्रस्तुत कथामा राजाको दुईवटा सिङ भएकाले कसैलाई थाहा नदिनका लागि सधैं नयाँ हजाम खोज्ने तर कपाल काटिसकेपछि त्यो हजाम कहीँ नदेखिने अनौठो प्रवृति रहेको थियो । यस्तैमा एकजना शैलेन्द्र नामका गरेका नयाँ हजाम थिए अब त्यस राज्यमा हजामको कमी हुँदै गयो त्यसैले शैलेन्द्रलाई राजाका मान्छे कपाल काट्न लिन आए । उता शैलेन्द्र भने आफू राजाका कपाल काट्न पाउनाले अब प्रख्यात हुन पाइने कुराले खुसी हुनु तर आमाले त्यस्ता कुरामा डर लागी पर्दैन गर्न भनिन् त्यसपछि उसले मान्दै नमानेपछि आफू राजासँग केही कुरा गरेर मात्र कपाल काट्न दिने भनेर राजासँग अनुरोध गरिन् र उनले पनि जे देखेको कसैलाई नभन्ने वाचा गरी कपाल काट्न

पठाइन् तब कपाल काट्दा राजाको सिङ देखी शैलेन्द्रले आमाले भनेको कुरा सम्झी चुप लागे त्यसैले कसैलाई पनि त्यस कुरा बताउन नपाएकाले ऊ खाना खान, खेल्न, बोल्न छाट्छन् तब नजिकै गाउँका जान्ने मान्छे ल्याएपछि उनले शैलेन्द्रको समस्या थाहा पाएर उनले केही पर लगी आफ्नो मनका सबै कुरा एउटा ठुलो रुखलाई अँगालो हाली सबै कुरा भन भन्छन् र उनले त्यसै गर्छन् तब उसलाई सजिलो भई पहिलाको झैँ हुन्छ । केही समयपछि राजाको दरबारमा एउटा ठुलो आयोजना हुन्छ तब एकजनाले अनौठो बाजा बजाउने जिम्मा लिँदा ठुलो रुखको खोजीमा जाँदा त्यसै रुखलाई काँटी बाजा बनाउँछन् तब आयोजनामा बाजा बजाउन खोज्दा अचम्म राजाको दुईटा कान छन् भनेर बज्छ । तब राजाले किन जाडो गर्मीमा जहिल्यै टोपी लगाउने गर्छन् भनेर सबै राजातिर हेरेर बस्छन् तब राजाले टोपी खोल्दा सबै छक्क परे तर कसैले केही नभनी आ आफ्नो प्रकृतिले दिएको कमी कमजोरीलाई आत्मसाथ गरी कोही मेरो नाक लामो, कोही औँला छवटा छन् यस्तै यस्तै अब राजाले नि हाम्रो शारीरिक बनावट यस्तै हो फरक फरक हुन्छ भनी बुझी सधैँ टोपी खोल्छन् त्यसैले यो कथा पनि समाजमा प्रचलित मानिसका अनौठा बनावट जस्ता छन् त्यसलाई स्वीकार्नु नै सबैको लागि भलो हुन्छ भन्ने शिक्षा पाउन सकिन्छ ।

## ४.मिहिनेतको फल

प्रस्तुत कथामा समाजमा चलिरहने धनीले गरिबलाई हेप्ने मान्छे नगन्ने प्रवृतिको पराकाष्ठा देखाइएको छ । कथाले सामन्तवाद जस्तो धनीले गर्ने गरेका नराम्रा व्यवहारलाई चित्रण गरेकाले यस कथा सामाजिक कथाअन्तर्गत राखिएको छ ।यस कथामा रिक नामको गाउँमा रिता र रिकेश गरिब भएकाले सबैले हेप्ने हेला गर्ने गरेको तर उनीहरू नआत्तिकन धैर्यधारण गरी मिहिनेत गरी बस्दै थिए । एकपटक सर्परूपी ठुलो मान्छे आयो त्यहाँका धनी मान्छेहरू सभा गरी सबैले मार्नै पर्छ भनेर निर्णय गरे र घेरेर मार्न लाग्दा सर्प रूपी मान्छे मलाई नमार म तिमीहरूको गाउँ मात्र हेर्न आएको हो भन्यो तर कसैले सुनेनन् त्यतिबेला रिता र रिकेशले जसो तसो गरी बचाए अनि घर लगे, सबै कुरा पनि बताए र त्यसलाई उनीहरूमाथि दया लागेर चम्किलो बस्तु छोडेर बिलायो पछि हेर्दा त मणि रहेछ । त्यहीँ बेचेर धनी भए । सबैले हेप्न समेत छोडे यसरी यस कथाबाट हामीले धनी र गरिब छुटयाउने गर्नु हुन्न मिहिनेत गरेको फल मिठो हुन्छ आपत् परे पनि धैर्य गर्नु पर्छ भन्ने शिक्षा पाउन सकिन्छ ।

## ५.चलाख मन्त्री

प्रस्तुतकथामा समाजमा रहेका अरुको प्रगति देखी अरुलाई बिगार्न खोज्ने प्रवृतिले गरिएको कामले उसलाई नराम्रो हुने कुरा यदाकदा सुनिरहन्छ । यस्तै कथावस्तु रहेको चलाख मन्त्री कथा सामाजिक लोककथामा वर्गीकरण गरिएको छ यस कथामा राजाका दुवै प्यारा सैनिकहरू छन् तर चलाख मन्त्रीको सधैँ डाडो गर्ने हुनाले उसलाई फसाउनका लागि राजाका पितृलाई खुसी पार्नका लागि मन्त्रीलाई पठाउनु भनेर सपना देखेको कुरा बताउँछन् तब मन्त्री जाल बुझी केही समयको माग गरी सबै अध्ययन गरी उक्त जलाउने ठाउँदेखि सुरुङ खनी आगो बाल्न लगाउँछन् र योजनानुसार कसैले थाहा नपाउने गरी गुप्त भई व्यवस्थानुसार थुनिएर बस्छन्  र केही समयपछि लामा लामा दाह्री भई दुब्ला भई फर्केर आउँछन् तब राजाले आफ्ना आमा बुबाको बारेमा सोध्दा सबै राम्रो छ तर उहाँ एकजना नि कपाल काट्ने छैनन् त्यसैले गर्दा हजामलाई पठाउनु होस् भन्दा हुन्छ भने र पहिला निहजामको कुराले गर्दा मन्त्रीलाई पठाएको हुनाले हजामले पनि हुन्छ भन्छ र मन्त्रीलाई फसाउन गरेको चालमा आफ्नो ज्यान गुमाउँन पुग्छ । यसरी यो कथाबाट अरुलाई गर्ने नराम्रो कामले आफैँ फस्ने कुराको शिक्षा दिन खोजिएको छ ।

## ६. पाको मान्छे

प्रस्तुत कथामा आजभोलि बुढापाकालाई काम नलाग्ने बेकारका हुन् भनेर बढ्दै गएको अपहेलनालाई व्यङ्ग्यात्मक तरिकाबाट कथानकको निर्माण भएकोले यस कथालाई सामाजिक कथामा वर्गीकरण गरिएको छ । यस कथामा एउटा अनौठो राज्य छ जहाँ सत्तरी वर्ष भएपछि भने बुढाबुढी जो भए पनि आफ्ना बा आमालाई जङ्गलमा लगी छोड्ने चलन चलाएका थिए । राजाका विचारमा देश विकासका बाधक तत्त्व भन्नु नै बुढाबुढी हुन् । त्यस्तैमा एकजना युवाको बा सत्तरी वर्ष पुगे आफ्ना बा को माया धेरै भए पनि देश निकाला हुने डरले बालाई डोकोमा राखी छोड्न गयो । जाँदा जाँदा बल्ल छोड्ने ठाउँ आयो अनि रुदै बस्नु है बा भन्दै हिँड्न लाग्दा अघि आएको बाटो तिमी बिर्सन्छौ होला भनेर दुईवटा बाटो भएको ठाउँमा मैले तिमीले थाहा नपाउने गरी रुखका पात टिपेर खसालेको छु हेर्दै जाऊ भने यति सुनेपछि यस्तो माया गर्ने बुबालाई कसरी यस्तो घना जङ्गलमा कसरी छोडेर आउनु भनी रात परेपछि आफूसँगै लिएर आयो यस्तैमा एकदिन राजाले आफ्नो राज्यमा जनता कत्तिका चलाख रहेछन् भनी जाँच्नका लागि नबजाई बज्ने बाजा, खरानीको डोरी, बाङ्गो टिङ्गो काठमा धागो छिराउने तर कसैले गर्न सक्दैनन् त्यसै युवाले बेलुका बुबालाई भन्यो उनले पनि सजिलै ती कुरा बनाए र राजालाई देखाउँदा सभाका सबै खुसी भए, दङ्ग भए ।

यो कसरी कस्ले सिकायो भने तर उसले आफ्नो बुबाले भन्न मिलेन मैले हो भने कागजको डमरु बनाएर मौरी वा अरिङ्गाल सानो हावा जाने ठाउँ राखी बन्द गर्ने बाहिर जान खोजेर कराउँदा आवाज आउँछ त्यस्तै डोरीका चिल्लो लगाएर बाल्दा डोरी जस्तै बनी खरानी बन्छ र अर्को बाङ्गो टिङ्गो काठमा धागो छिराउन पनि एउटा मुखबाट कमिलालाई धागो बाँध्ने र अर्को छेउमा चिनी छरिदिने चिनी खोज्दै कमिला अर्को मुखमा पुग्छ यस्तो कुरा सुन्दा कसैले नपत्याएकाले मैले गल्ती गरेँ आफ्नो बुबालाई घरमा राखेको छु भन्यो र बुबाले सिकाएकाले जानेको कुरा बताएपछि बल्ल त्यस राजाले पाको मान्छेको महत्व बुझे र बुढाबुढीलाई जङ्गलमा छोड्नु हुन्न उनीहरूसँग बल नभएपनि खारिएका बुद्धि हुन्छ भनेर त्यो चलन हटाएकाले आजभोलि हाम्रा आमाबा बुढा भएसम्म हामीसँगै बस्ने भएका हुन् रे । यसरी हामीले पनि आफ्ना बाआमालाई बुढो भएसम्म माया गर्नुपर्छ भन्ने शिक्षा पाउन सकिन्छ ।

## ४.७पौराणिक लोककथासम्बन्धी लोककथाहरूको विश्लेषण

### १.ब्राहमणको कथा

प्रस्तुत कथामा पौराणिक कालदेखि अरुका कुरा सुनेर मात्र केही कुराको निर्णय गर्नु हुन्न त्री जातिको विश्वास हुन्न, ब्राहमणले दुःख पाए मागेर पनि खान मिल्ने भन्ने जस्ता धर्म सम्बन्धी कुरा भएकाले यस कथालाई पौराणिक कथा अर्न्तगत राखिएको छ । यस कथामा गरिब ब्राहमण दुःख पाउँदा आफ्ना मामाघर जान्छन् त्यहाँ पाएको कोसेली बोकेर कति मागेर खानु केही काम गरौ भनी कामको खोजीका जाँदा जङ्गलमा पुग्दा रात परेकाले एक जना अघोरी बाबाले ध्यान गरेका ठाउँमा पुगे र सबै कुरा बताएकाले त्यस लट्टाधारी जोगीले रातका तिन पहरमा बोलेको तीन कुरा याद गर भनेकाले सोही कुरा सुनेर रातभर बसे र भोलिपल्ट दुईजनाले त्यहाँ जोगी मरेका छन् लासको ठेगान लगाएर आऊ भन्दा मानेन् फेरि अलि पर जाँदा त्यसै भनेकाले ब्राहमणको कुरा याद आयो र फाल्न भनी धोक्रामा राखी गए । खाल्टो खनेर जोगीलाई खनाउनु पर्दा त सुनका असर्फी पो झरे उनी त्यहीँबाट आफ्नो घर गए । बाटोमा दिशा बस्न मन लाग्यो बाबाका कुरा याद आयो बाटोमुनि बस्न गए लट्ठी बिर्सेका रहेछन लिन गए भेट्टाए । घरमा गएर यो कुरा श्रीमतीलाई भनौ भने त्री जातिको विश्वास नगर्नु भनेकाले चुप लागी पाथी लिन पठाए उता भाउजू के ल्याय छन् देबरले भनी चियो गर्न पाथीमा खोटो लाउँदा एउटा सिक्का टासिएकाले कसरी ल्याय होलान् भनी

सोधिरहिन् तर देबरानीलाई पनि केही थाहा नभएकाले केही पत्तो लागेन पछि उनले ब्राहमणलाई सोध्दा त माथि पहाडमा जाँदा पारो खाएँ र भोलिखेर दिशा गर्दा सुनै सुन भयो र ल्याय । यहीँ कुरा जेठानीले थाहा पाउँदा आफ्नो छोरा बुढालाई पठाइन् उता पारो धेरै खाएकाले दुवैको मृत्यु भयो । देबरले गर्दा यस्तो भयो भनेर राजाकहाँ उजुरी हाल्दा खोजी तलासीले ब्राहमण निर्दोष ठहरिए । यसरी यस कथाबाट अरुको डाडो गर्ने काम कसैले गर्नु हुन्न भन्ने शिक्षा पाउन सकिन्छ ।

## २.भावीले लेखेका कुरा

प्रस्तुत कथामा हिन्दु धर्ममा चलिरहेको मान्छेको भाग्यमा जे लेखेको छ त्यही नै हुन्छ भन्ने कुरामा आधारित भएकाले उक्त कथा पौराणिक कथाअर्न्तगत पर्दछ । यस कथामा राजा शिकार खेल्दै जाने क्रममा राति एक्लै छलिएकाले वनमा बास बस्दा जङ्गली जीवजन्तुको डर हुने हुनाले घर खोज्दै जाँदा एकजना सार्कीको घर फेला पर्दा उसकी श्रीमती सुत्केरी भएको छैठौं दिन भएकाले सुतक परेको घरमा के बस्नु भनी बाहिरै सुत्दा राति भावीले उक्त सार्कीको छोराको भाग्य लेख्न आएको बताए र पछि के लेख्यौ भन्दा यो बालक बार बर्षको हुँदा केटी दिन आउँछन र विवाहको दिन चदुँवा बाघ आई खाएर मर्ने छ भनेर लेखैं भने राजाले नि पत्याएनन् र त्यस्तो नि कहीं हुन्छ भने र भोलि बिहान भएपछि सार्कीलाई तिम्रो छोराको विहेमा मलाई नि बोलाउ है भन्दै दरबारतर्फ लागे नभन्दै ती बालक बार वर्षको हुँदा भावीले भने झैं विहे हुने भयो राजालाई नि बोलाउन बिर्से । बिहेको अघिल्लो दिन राति सम्झे र दरबार बोलाउन गए । राजा नि भावीले भनेका कुरा गलत पार्नलाई सिपाही सबै पल्टन लिएर गए त्यो बाघ कहाँबाट आउँदो रहेछ भनी कुरेर बसे जब सिउँदोमा सिन्दुर राख्ने बेलामा एक्कासी बेहुलालाई हावाहुरी चले जस्तो के आयो के बेहुला मर्‍यो राजा र पल्टन हेरेको हेरै राजा आएर हेर्दा त विहेमा टाँगिएको चँदुवा नै बाघ भएर आई मारेछ । यसरी राजाले नि वा सबैले भावीले लेखेको कुरा कसैले बदल्नु सक्दैन रहेछ भन्ने कुरा बुझिन्छ । यस कथाबाट हिन्दु धर्मअनुसार मानिस जन्मेको छैठौं दिनमा भावीले लेखेको कुरा नै हुन्छ भन्ने पौराणिक भनाई रहेको छ ।

## ३.राक्षसको कथा

प्रस्तुत कथामा राक्षस, बली, देवता जस्ता पात्रले सुसज्जित भएकाले यस कथालाई पौराणिक कथामा राखिएको छ । यस कथामा आफ्नो निजी स्वार्थ पूरा गर्नका लागि मान्छेको बलीदिने स्वार्थी राक्षसको कथामा राजन जस्तो राम्रो नियत भएको आफ्नी हजुरआमालाई बचाउनका लागि अनेक दुःख गरी सहर लैजान लाग्दा निर्जन वनमा राक्षसको फन्दामा परेर कहिल्लै नहेर भनेको कोठामा जाँदा त मान्छेका टाउका नै टाउका रहेछ र ती सबै टाउकाले यो जोगीको भेषमा रहेको राक्षस हो भनी यसले हामी सबैलाई यसले तिमीलाई झैं झुक्याएर माऱ्यो । तिमीलाई नि यसले भोग दिन लागेको हो त्यसैले तिमी ढोग भन्दा मलाई आउँदैन तपाईं सिकाइदिनु भन्नु र उसले ढोग्दा उसको टाउको काटेर रगत छ्यापिदिनु हामी पनि बाँच्छौं भने र उसले पनि त्यसै गरे र दुष्ट राक्षसको अन्त्य गरी सबैको भलो भयो । यसरी यस कथाबाट सबैले जे जस्तो कर्म गऱ्यो त्यस्तै फल पाउने गर्छन् भन्ने शिक्षा पाउन सकिन्छ ।

## पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रका लागि प्रदान गरिएको ऐच्छिक विषयहरू मध्ये लोकसाहित्यसँग सम्बन्धित अध्ययनपत्र पनि भएकाले भक्तपुर जिल्लाको वागेश्वरी वडामा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण गरी यो अध्ययनपत्र तयार पारिएको हो । लोककथा लोकसाहित्यको प्रमुख विधा हो । वास्तवमा भन्ने हो भने लोककथाको आधुनिक कथा, उपन्यास, लोकनाटक, चलचित्रको आधार स्तम्भको रूपमा महफ्वपूर्ण भूमिका पाइन्छ । यिनै लोककथाहरूबाट प्रभावित भई आधुनिक कथा र उपन्यासले मौलाउने मौका पाएका हुन् । प्राचीन मानव समुदायमा पनि शिक्षा दिक्षा, अर्ती, उपदेश जस्ता कुराहरू लोककथाको माध्यमबाट दिइएको पाइन्छ । लोककथा लोक जीवनको ऐतिहासिक, आर्थिक, सामाजिक, राजनीतिक, पुरातात्विक आदि विषयको खोजिनीति गर्ने क्रममा यसको भूमिका अझ महफ्वपूर्ण रहन्छ । मानव जीवन र जगतको अतुलनीय सम्पदा बन्को लोककथा सङ्कलन र प्रकाशन अझ महफ्वपूर्ण पक्ष हो । यसैलाई मनन गरी भक्तपुर जिल्लाको वागेश्वरी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरेर वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययनको पहिलो परिच्छेदमा विषय परिचय दिई मुख्य समस्याको निर्क्यौल गरिएको छ । उल्लेख गरिएको समस्याको समाधानको विधि र प्रक्रियाको निर्क्यौल गर्ने काम अध्ययनपत्रको रूपरेखाको निर्धारण गरिएको छ ।

दोस्रो परिच्छेदमा भक्तपुर जिल्ला र वागेश्वरी वडाको परिचय दिइएको छ । पूर्वमा काभ्रे, पश्चिममा काठमाडौँ, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा काभ्रे जिल्ला पर्दछन् ।

भक्तपुर जिल्ला  समुद्र सतहबाट १४०१ मिटरमा अवस्थित तथा ८५.२१" देखि ८५.३२" पूर्वी देशान्तरसम्म र २७.३६" देखि २७.४४" उत्तरी अक्षांशसम्म फैलिएको भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकाको वडा नं ७ मा वागेश्वरी पर्दछ ।

तेस्रो परिच्छेदमा वागेश्वरी वडामा प्रचलित  लोककथाहरूलाई सङ्कलन गरी क्रमशः राखिएको छ । तेस्रो परिच्छेदमा सङ्कलन गरिएका १३ वटा लोककथाहरूलाई चौथो परिच्छेदमा

पशुपंक्षी, सामाजिक र पौराणिक कथाहरूमा वर्गीकरण गरिएको छ र ती लोककथाहरूको विश्लेषण र वर्गीकरण गरिएको छ । मानिस र पशुपंक्षी सम्बन्धी लोककथाहरूमा सङ्कलन गरिएका यी तेह्रवटा लोककथाहरूले नेपाली संस्कृतिलाई उजागर गर्नुका साथै स्थानीय संस्कृतिलाई समेत बचाएका छन् । ग्रामीण जीवनमा भोगिएका कुराहरूलाई लोककथाका माध्यमबाट प्रस्तुत गरी पछिल्ला पुस्तालाई संस्कृतिका बारेमा ज्ञान दिलाउनका लागि यस्ता लोककथाहरूले उल्लेखनीय योगदान दिएका छन् ।

## ५.२ निष्कर्ष

वागेश्वरी क्षेत्रमा प्रचलित तेह्रवटा कथाहरूको उद्देश्य भन्नु नैमनोरञ्जन प्रदान गर्नुको साथै समाजमा राम्रा सन्देश दिनु हो । आफूले गरेको कामको फल जस्तो गऱ्यो त्यस्तै फल्ने हो वा पाइने हो भन्ने सन्देश दिन खोजेको हो । लौकिक होस् वा अलौकिक दुवै शक्ति एक आपसमा जस्तो भएपनि त्यसले राम्रो सन्देश दिएको देखाइएको छ । प्रस्तुत लोककथाहरू यस अध्ययनपत्रमा मानिस र पशुपंक्षीसम्बन्धी, सामाजिक लोककथासम्बन्धी र पौराणिक लोककथासम्बन्धी गरी तीन पक्षमा बर्गीकरण गरिएको छ । यस अध्ययनपत्रमा मानिस र पशुपंक्षीसम्बन्धी कथाहरूमा बाख्राको कथा, लक्षिण र कागको कथामा विशेषः पात्र नै बाख्रा, कुकुर, बिरालो, मुसा, काग आदि पशुपंक्षी नै कथाका मुख्य पात्र भई मानवीय भाषा बोलेका रोचक कथा हुनाले जनमानसले पढ्दा रोचकता तथा तिनीहरूलाई नि राम्रो व्यवहार गर्नुपर्ने निचोड पाउन सकिन्छ । सामाजिक लोककथासम्बन्धी कथामा **किसान परिवारको कथामा** सौतेनी आमाले गर्ने सौतेनी व्यवहारमा भेदभावको भावना, काम र पढाइको आआफ्नो महफ्व जस्ता पक्षमा जोड दिई सामाजिक पक्षलाई अगाडि सारिएको छ । **सासूबुहारीको कथा**मा समाज प्रायः देखिने खिचलो र समाजमा हरेक मानिसमा केही फरकपन हुँदा भेल्नुपरेका समस्या **अनौठा राजामा**त्यस्तैराम्रो कामबाट राम्रै फल पाइने कुरा **मिहिनेतको फल**कथामा आफ्नो चलाखीले नराम्रो सोच्नेलाई सजाए दिन सफल कुरा **चलाख मन्त्री** कथामा पाइने**पाको मान्छे** कथाले बुढापाकाको महफ्वमाथि समाजलाई राम्रो उदाहरण दिन सफल कथा छ त्यस्तै वागेश्वरी क्षेत्रमा प्रायः हिन्दु कै बाहुल्यता बढी भएकाले हिन्दु धर्मसँग सम्बन्धित कथाहरू रहनु स्वाभाविक नै हो । **ब्राहमणको कथा**लाईत्री जातिको विश्वास नहुने अरुको भलाइ हुने काम गर्नुपर्ने सरकारसँग सही कुरा गर्नुपर्ने ।**भावीले लेखेका कुरा** कथामा छैठीँको दिनमा भाग्य लेख्ने देवता भावीले हरेकको भाग्य लेखेर जाने र जे भए पनि भाग्यमा लेखेको यस्तै हो भनेर भन्ने

जनमानसको विश्वास रहेको कुरा कथाबाट व्यक्त भएको छ । **राक्षसको अन्त्यमा**आफ्नो स्वार्थको लागि मान्छेको भोग दिइनाले नराम्रो अन्त्य भएको यसरी यी कथामा किंवदन्तीमा आधारित मनोरञ्जनात्मक सामाजिक दुःखान्त र सुखान्त कथामा आधारित भए पनि अन्त्यमा भने राम्रो सन्देश दिने हुनाले यस्ता लोककथालाई जीवित राख्नु पनि यस अध्ययनपत्रलाई उपयोगी मान्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची


कोइराला, शम्भु, (२०५५), *लोकसाहित्य सिद्धान्त र विश्लेषण,*विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

जिल्लापार्श्व चित्र,(२०७१), *जिल्लाविकास समिति,* झापा ।

थापा, धर्मराज र सुवेदी, हंशपुरे, (२०४१), *नेपालीलोकसाहित्यको विवेचना,*काठमाडौं : पाठ्यक्रमविकास केन्द्र ।

बन्धु, चूडामणि, (२०५८), *नेपालीलोकसाहित्य,* काठमाडौं : एकताबुक्स ।

https: //en.m.wikipedia.org>wiki>Bhaktapur

# परिशिष्ट

## संकलित लोककथाका सूचकहरूको परिचय

क्र.स.लोककथाको शीर्षक सूचकको नाम ठेगाना

१. किसान परिवारको कथा बलराम पुरी,वर्ष : ६७ चाँगुनारायण नगरपालिका-३ भक्तपुर

२. कागको कथा हरिशरण के.सी, वर्ष : ४४ चाँगुनारायण नगरपालिका-३ भक्तपुर

३. राक्षसको अन्त्य बिना गिरी, वर्ष : ४६ चाँगुनारायण नगरपालिका-३ भक्तपुर

४. लक्षिण कान्छी गिरी, वर्ष : ५१चाँगुनारायण नगरपालिका-३ भक्तपुर

५. ब्राहमणको कथा उपेन्द्र ढकाल, वर्ष : ७४ खरिपाटी, चाँगुनारायण नगरपालिका-३ भक्तपुर

६. काले राजकुमार पुरुषोत्तम लामिछाने, वर्ष :५९,पगरीटोल,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

७. अनौठा राजा सीता तिमिसिल्ना, वर्ष : ३९, मेल,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

८. चलाखमन्त्री भाइकाजी खत्री, वर्ष : ६६, पगरीटोल,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

९. मिहिनेतको फल सानुभाइ गिरी, वर्ष : ७२,ठुलीगाउँ,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

१०. पाको मान्छे तिलकबहादुर भण्डारी, वर्ष : ७४,बाँसघारी,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

११. बाख्राको कथासीता तिमिल्सिना वर्ष : ३७,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

१२. सासू बुहारीको कथा बिमला कार्की, वर्ष :२९,माख्लो खरिपाटी,चाँगुनारायण नगरपालिका-३ भक्तपुर

१३. भावीले लेखेका कुरा उपेद्र ढकाल, वर्ष : ७४,खरिपाटी, चाँगुनारायण नगरपालिका-३ भक्तपुर